सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम भाग)
Simli, Rukum (West Part)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

☎ ९८५७८२४२५३
टोल फ्रि नं.१८१०५०००१४६
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com

प.सं. (Letter No.):२०८१/८२
च.नं. (Ref. No.) :१८४४

मितिः २०८२।०२।१६

**विषयः आयोजना तथा कार्यक्रमहरु पेश गर्ने सम्बन्धमा ।**

**श्री गैरसरकारी संघ/संस्थाहरु (सबै) ।**
**श्री सहकारी संस्थाहरु (सबै) ।**
**श्री उपभोक्ता समिति/समूह/सञ्जाल (सबै) ।**

सानीभेरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२।०२।१६ को निर्णयानुसार स्रोत अनुमान, सीमा निर्धारण तथा बजेट तर्जुमा मार्गदर्शन स्वीकृत भई विषयगत शाखा तथा वडा कार्यालयहरुलाई पठाइसकिएको छ।

विषयगत शाखा तथा वडा कार्यालयहरुबाट आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा गैरसरकारी निकायको कार्यक्रम यकिन नहुँदा द्विविधा उत्पन्न हुने भएकाले यस गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र भएका तथा कार्यक्रम कार्यान्वयन गर्न इच्छुक सम्पूर्ण सामाजिक तथा सामुदायिक संघ संस्था, गैरसरकारी संघ/संस्था, उपभोक्ता समिति, सहकारी संस्था सबैले आगामी आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गर्ने कार्यक्रमको बजेट तथा लक्ष्य सहितको क्रियाकलाप समावेश भएको योजना तथा कार्यक्रम **मिति २०८२ जेठ ३१ गतेभित्र** यस कार्यालयमा वा कार्यालयको इमेल ठेगाना sanibherimun@gmail.com मा पठाइदिनुहुन अनुरोध छ ।

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत



सानीभेरी गाउँपालिका

सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम भाग)
Simli, Rukum (West Part)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
☎ ९८५७८२४२५३
टोल फ्रि नं.१८१०५०००१४६
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com

प.सं. (Letter No.): २०८१/८२
च.नं. (Ref. No.) :१८४५

मितिः २०८२।०२।१६

**विषयः आ.व. २०८२/०८३ को बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा ।**

**श्री विषयगत शाखाहरु (सबै) ।**
**श्री वडा कार्यालयहरु (सबै) ।**

आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२।०२।१६ को निर्णयानुसार सानीभेरी गाउँपालिकाको आगामी आ.व. २०८२/८३ को बजेट तर्जुमाको क्षेत्रगत प्राथमिकीकरण, क्षेत्रगत सीमा, विषयगत शाखा र वडा समितिहरुको बजेट सीमा र बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन यसैसाथ संलग्न राखी पठाइएको छ ।

आर्थिक वर्ष २०८२।८३ समेत आगामी तीन वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका लागि २०८२ जेठ ३१ भित्र गाउँ/टोल र वस्तीस्तरको माग र आवश्यकतालाई कार्यक्रम तर्जुमा मार्गदर्शन बमोजिम आयोजना तथा कार्यक्रम छनौट गरी सम्बन्धित विषयगत समितिमार्फत बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष २०८२ जेठ ३१ गत्तेभित्र पेश गर्नुहुन अनुरोध छ । सहभागितामूलक योजना तर्जुमाको सबै चरण पूरा नगरेको, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र संलग्न मार्गदर्शन विपरित भएको, मध्यमकालीन खर्च संरचना र कार्यान्वयन कार्ययोजना नभएको, संलग्न ढाँचामा नभरेको आयोजना/कार्यक्रम बजेट तथा कार्यक्रम समितिमा समावेश नहुने भएकाले प्राथमिकीकरणमा परेका आयोजनाहरुको स्पष्ट फारम र क्रियाकलापगत अनुमानित लागत विवरणसहित आयोजना तथा कार्यक्रमहरु छनौट गरी पठाउनु हुन अनुरोध गर्दछु ।

**प्रमुख प्रशासकीय अधिकृत**
**दिपक बुढाथोकी**

सानीभेरी गाउँपालिका

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**आर्थिक वर्ष २०८२।८३ को वार्षिक बजेट तथा कार्यक्रमम तर्जुमाका लागि विषयगत/कार्यालयगत सीमा तथा बजेट तर्जुमा मार्गदर्शन**

## विषयसूची


१) पृष्ठभूमि ........ १

२) कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा ........ ६

३) योजना तथा बजेट तर्जुमाका आधार ........ २०

४) बजेट सीमा ........ २७

५) प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रिया ........ २९

६) बजेट तर्जुमा मार्गदर्शन ........ २९

अनुसूचीहरु ........ ३८

वस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयार फारम ........ ३८

कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण ........ ४०

आयोजनाको प्राथमिकीकरण सूची ........ ४१


सानीभेरी गाउँपालिका

## १) पृष्ठभूमि

### क) विकास र योजना तर्जुमाको सन्दर्भ

राज्य र नागरिक हित तथा मानवको जीवनस्तरमा गुणात्मक परिवर्तनका लागि आर्थिक, सामाजिक, भौतिक, वातावरणीय आदि पक्षमा सकारात्मक परिवर्तन आउनु नै विकास भएको मानिन्छ। मानव विकास सूचकाङ्कमा उच्चतम् अवस्थामा पुग्न शिक्षा, स्वास्थ्य र समृद्धि सहितको दीर्घ जीवन सुनिश्चितता भएको अवस्था विकासको गन्तव्य हो। विकासको गन्तव्य सुनिश्चित गर्न योजनावद्ध विकासको अपरिहार्य हुन्छ।

विकासका लागि आवश्यकता धेरै हुने र साधन स्रोत सीमित हुने भएकाले यसको प्रभावकारी सन्तुलन मिलाई प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत साधनको उपयुक्त ढङ्गले उपयोग गर्नुपर्छ। मानव विकास सूचकाङ्कमा सुधार ल्याउन, दिगो विकास लक्ष्यहरु हासिल गर्न र विकासका अन्तरसम्बन्धित आयामहरुको सन्तुलित सम्बन्ध कायम गर्न व्यवस्थित योजना आवश्यक हुन्छ। योजनावद्ध विकासको आधारमा रहेर समाजको विकास र समृद्धि हासिल गर्न विकासमा जनसहभागिता, सहकार्य, साझेदारी र अपनत्वको सुनिश्चित भएपछि मात्र विकास क्रियाकलापको दिगोपना अभिवृद्धि हुनुका साथै सरकार र जनता बीचको सम्बन्ध सुमधुर हुन्छ।

गरिबी न्यूनिकरण, समतामूलक विकास, मानव संशाधन विकास, वातावरण संरक्षण, जनसंख्या व्यवस्थापन, विपद् व्यवस्थापन, सन्तुलित विकास आदि जस्ता विकासका आयामहरु सम्बोधन गर्दै साझेदारी र सहकार्यको माध्यमबाट नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा उल्लेख्य सुधार गर्नुपर्ने आवश्यकता छ। विकासका लागि योजना निर्माण, प्राथमिकीकरण, विनियोजन कुशलता, कार्यान्वयन दक्षता, इमान्दारिता र साझेदारिताको भूमिका महत्वपूर्ण हुन्छ। छनौट र प्राथमिकीकरण उपयुक्त भयो भने विनियोजन र कार्यान्वयनमा सहज हुन्छ। कार्यान्वयनको आधार र मार्गदर्शन योजना निर्माण, छनौट र प्राथमिकीकरण भएकाले यो मार्गदर्शनको पूर्ण पालनाबाट गाउँपालिकाको विकास र योजना तर्जुमा थप वस्तुगत र समयसापेक्ष हुने अपेक्षा गरिएको छ।

सानीभेरी गाउँपालिका

### ख) स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ। संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्र सहित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरु स्थानीय तहका योजना तर्जुमाका आधारहरु हुन्। संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन

व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यको आर्थिक उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाई दिशानिर्देश गर्दछ। तसर्थ स्थानीय तहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेका व्यवस्थाहरुको कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नेपर्ने कानूनी व्यवस्था गरेको छ।
अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, खर्चको आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय तहले योजना तर्जुमा गर्दा प्राकृतिक स्रोतको परिचालनका आधार, राजस्व बाँडफाँडका आधार, अन्तरसरकारी वित्तीय हस्तान्तरणका आधार लगायतका प्रावधान अनुरुप आयोगले समय-समयमा गरेका सिफारिसलाई ध्यानमा राखी स्रोत साधनको अनुमान र प्रक्षेपण गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले गाउँपालिका तथा नगरपालिकाहरुले स्रोत अनुमान गर्दा राष्ट्रिय स्रोत अनुमान समितिले गरेको अनुमानकै आधारमा तीन आर्थिक वर्षको स्रोत अनुमान गरी मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत नतिजा खाका र बजेट खाका समेत समावेश गर्नुपर्ने र आयोजना बैंक स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ।

सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७ ले स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ।

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय विपद् व्यवस्थापन समितिले भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता लगायत स्वीकृत निर्देशिका र मापदण्ड पालना गराउने, बजेट

विनियोजन गर्न लगाउने, सरकारी, गैरसरकारी, निजी, सामुदायिक संस्थाको समन्वय र संलग्नतामा विपद् जोखिम न्यूनिकरण सम्बन्धी कार्य गर्ने गराउने लगायतका कार्यहरु गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय तहले योजना तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरुलाई समेत ध्यान दिनुपर्छ। राष्ट्रिय भूउपयोग नीति, २०७२, विकास सहायता नीति २०७६, शिक्षा तथा स्वास्थ्य, शहरी विकास, कृषि, सिंचाई, वन तथा वातावरणसँग सम्बन्धित नीतिहरु समेत मध्यनजर गर्नुपर्छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले १० विषयगत क्षेत्रगत अन्तर्गत १०० वटासम्म समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था दर्शाउने सूचकहरु कार्यान्वयन हुने सुनिश्चित गर्नुपर्दछ।

प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ ले प्रदेश तथा स्थानीय तहमा विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको महिला सशक्तिकरण र लैङ्गिक समानतामा गर्ने योगदानको आधारमा वर्गीकरण गरी साङ्केतिकरण गर्नुपर्ने व्यवस्था गरेको छ।

**ग) मार्गदर्शन तयारीका आधार तथा अवलम्बन गरिएको प्रक्रिया**

सानीभेरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ सहित आगामी तीन आर्थिक वर्ष सहितको वार्षिक बजेट तथा कार्यक्रम तयारीका लागि सीमा निर्धारण तथा मार्गदर्शन तयारीका लागि मिति २०८२ जेठ १६ गते बसेको बैठक बसी विषयगत शाखा/इकाई तथा वडा कार्यालयहरुको बजेट सीमा निर्धारणका साथै मार्गदर्शन तय गरेको छ।

मार्गदर्शन तयारी गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून तथा नीति, स्थानीय योजना, नीति तथा कानून, प्राथमिकता र आवश्यकतालाई प्रमुख आधार बनाइएको छ। योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लिखित सात चरणको सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई जोड दिइएको छ।

**घ) बजेट तथा योजना तर्जुमाका आधार**

**१) दीर्घकालीन सोंच, सोहौं योजना र विकासशील देशमा स्तरोन्नतिको रणनीति**

नेपाल सरकारको "समृद्ध नेपालः सुखी नेपाली" को परिकल्पना पूरा गर्न आगामी २५ वर्षको लागि "दीर्घकालीन सोंच २१००" हालि गर्ने योजनाका रुपमा तीनै तहको सरकारलाई मार्गदर्शन गर्ने सोहौं योजना कार्यान्वयनमा रहेको छ। सोहौं योजनाले तय गरेको दीर्घकालीन सोंचको परिदृष्य तथा सोहौं

सानीभेरी गाउँपालिका

योजनाको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता र भौतिक लक्ष्यसँग तादाम्यता कायम हुने गरी स्थानीय योजना तय गर्नुपर्दछ।

त्यसैगरी वि.सं. २०८७ सम्ममा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप दिगो विकास लक्ष्य हासिल गर्न विकासका सबै आयाममा कसैलाई पनि नछोड्ने प्रतिबद्धतालाई योजनामा आन्तरिकीकरण गर्न आवश्यक बजेट तथा कार्यक्रम तय गर्न आवश्यक छ।

**२) कर्णाली प्रदेश तथा सानीभेरी गाउँपालिकाको दीर्घकालीन सोंच र आवधिक योजना**

कर्णाली प्रदेशले "समृद्ध कर्णाली सुखारी कर्णालीबासी को दीर्घकालीन सोंच तय गरेको छ। त्यसैगरी प्रदेशको प्रथम आवधिक योजनाले दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरु अगाडि सारेको छ।

त्यसैगरी सानीभेरी गाउँपालिकाको समृद्ध सानीभेरी सुखारी सानीभेरीबासी को दीर्घकालीन सोंच सहित प्रथम आवधिक योजनाले लक्ष्य, उद्देश्य तथा रणनीतिहरु तय गरेको छ। योजना तथा कार्यक्रम तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय योजनाबीच तादाम्यता कायम गर्नुपर्नेछ ।

**३) दिगो विकास लक्ष्यको स्थानीयकरण योजना**

नेपालले संयुक्त राष्ट्र संघमा सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ। दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र विश्वव्यापीसहित नेपालले तय गरेका जम्मा ४७९ सूचकहरु छन् । दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने योजना बमोजिम वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको प्राथमिकता र केन्द्रिकरण सुनिश्चित गर्नुपर्नेछ।

**४) राष्ट्रिय अभियान तथा अन्य अन्तरसम्बन्धित विषयहरु**

नेपाल पक्ष भई हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय अभिसन्धी, सम्झौता र प्रतिबद्धतासँग सम्बन्धित विषयलाई समेत गाउँपालिकाको योजनामा समावेश गर्नु आवश्यक छ। यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना (२०१८-२०३०), जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजना, २०१८ लगायत विकास प्रक्रिया र उपलब्धिमा प्रत्यक्ष असर पार्ने नीतिहरु, सानीभेरी गाउँपालिकाको विषयगत नीतिहरु, योजनाहरुलाई समेत ख्याल गर्नुपर्नेछ।

सानीभेरी गाउँपालिका

## ५) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारको मार्गनिर्देशन

आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँडको बजेट सीमा तथा बजेट तर्जुमा सम्बन्धी शर्त तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ। त्यसैगरी नेपाल सरकार तथा प्रदेश सरकारबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको सम्बन्धमा समय समयमा प्राप्त हुने मार्गदर्शनलाई समेत ख्याल गर्नुपर्नेछ।

## ६) समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि

नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहको सहलगानीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु पहिचान गरी आयोजना बैंकमा समावेश गर्नुका साथै कार्यविधिले तोके बमोजिमको योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेछ।

## ७) गाउँपालिकाको प्रमुख समस्या र अवसरहरु

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि विकासका पूर्वाधारहरुको अभाव, दक्ष जनशक्तिको कमी, न्यून उत्पादकत्व, शिक्षा तथा स्वास्थ्य सेवामा गुणस्तरको अभाव, उत्पादित उपजको बजारीकरण अभाव, श्रम शक्तिको पलायन, गरिबी, बेरोजगारी, विपद् जोखिम जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

पूर्वाधार विकासका लागि तहगत सरकार तथा साझेदार निकायको चासो हुनु, राजनीतिक चेतनास्तरमा वृद्धि हुनु, निर्वाचित पदाधिकारी सहितको संस्थागत संयन्त्र हुनु, सूचना तथा प्रविधिको विकास र अवसर बढ्नु, यूवाहरुमा उद्यमशीलता र व्यावसायिकता बढ्दै जानु, डायस्पोरामा रहेका सानीभेरीबासी तथा शुभचिन्तकहरुको चासो, साथ, सहयोग र समर्थन रहनु, कृषि तथा पर्यटन विकासमा नयाँ सम्भावना र अवसर हुनु, मध्यपहाडी लोकमार्ग र अन्य सहायक मार्गहरुले गाउँपालिकाको आवागमन र यातायातमा सहजता थप्नु, सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा क्रमशः वृद्धि हुनुले गाउँपालिकाको समृद्धिका सम्भावना बढाएका छन् । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रमुख समस्याको न्यूनिकरण तथा सम्भावनाको भरपूर उपयोग हुने योजना ल्याउनु आवश्यक छ।

## ८) स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरुको घोषणापत्र

स्थानीय तहको निर्वाचन, २०७९ को क्रममा राजनीतिक दलले घोषणापत्र प्रस्तुत गरी जनताबाट अनुमोदित जनप्रतिनिधिहरुको घोषणापत्रमा समावेश प्रतिवद्धता, योजना तथा कार्यक्रममध्ये पूरा हुन सक्ने

सानीभेरी गाउँपालिका

आयोजना तथा कार्यक्रमलाई ध्यानमा राखी विकास कार्यमा सहमतिको वातावरण स्थापना तथा विकासमैत्री वातावरण निर्माणमा ध्यान दिनुपर्छ।

## २) कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

### क) गत आ.व. को प्रमुख उपलब्धि, समस्या तथा चुनौती

गत आर्थिक वर्ष २०८०।८१ मा क्षेत्रगत रुपमा देहायका प्रमुख उपलब्धिहरु हासिल भएका छन् ।

**(क) आर्थिक विकास**

| क्षेत्र | प्रमुख उपलब्धिहरु |
|---|---|
| कृषि | • उन्नत बीउ, तरकारी बाली, फलफूल बेर्ना लगायतका कार्यक्रमबाट कृषक लाभान्वित<br>• कृषि तथा तरकारी बाली पकेट स्थापना तथा उत्पादन वृद्धि<br>• पशु सेवा केन्द्रबाट पशु सेवा सम्बन्धी कार्यक्रमबाट कृषकहरु लाभान्वित भएको<br>• उन्नत जातका पशु प्रवर्द्धनका साथै घाँस र दाना विस्तार कार्यक्रमबाट पशुजन्य उत्पादन वृद्धि<br>• भैसी स्रोत केन्द्र स्थापाना त्यसको संचालन<br>• सहकारी मार्फत सुपथ मूल्यमा कृषि उपज संकलन तथा बिक्री वितरण |
| उद्योग वाणिज्य | • सानीभेरी -१ मा मसला बाली प्रशोधन उध्योग स्थापाना<br>• सानीभेरी-१ मा गार्मेन्ट उद्योग स्थापाना<br>• रुमाल बुनाई, गलैंचा बुनाई, कटाई सिलाई तालिम, ड्राइभिङ, प्लम्बिङ तालिम, मुढा बुनाइ बाख्रा पालन सम्वन्धी तालिम  कम्प्यूटर तालिमबाट लघु उद्यमी निर्माण तथा उद्यम विकास प्रवर्द्धन भएको । |
| पर्यटन | • सारदुल्ला युद्ध संग्रहालय, मौराखारा पर्यटन प्रर्वद्धनको  बिस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>• छोटेबगरमा शहिद स्मृति पार्क निर्माण भएको<br>• मौराखारा गुरिल्ला म्याराथन प्रत्येक बर्ष आयोजना हुँदै आएको । |
| सहकारी | • गाउँपालिकामा १० वटा सहकारी संस्थाहरु दर्ता भई सञ्चालनमा रहेको<br>• सानीभेरी जनप्रवाह सहकारी संस्था लि.द्वारा सहकारी बजार सञ्चालनबाट स्थानीय उत्पादन बिक्री तथा बजारीकरण भएको |
| वित्तीय क्षेत्र | • वित्तीय साक्षरता कार्यक्रमबाट मुद्रा बचत तथा सदुपयोग गर्ने बानीको विकास भएको |

**(ख) सामाजिक विकास**

| क्षेत्र | प्रमुख उपलब्धि |
|---|---|
| शिक्षा | • चार वटा  ४ कोठे विद्यालय भवन र २ वटा २ कोठे विद्यालय भवन निर्माण भएको,<br>• एउटा विद्यालयमा विज्ञानप्रयोगशाला निर्माण र ६ वटा विद्यालयमा ICT ल्याब स्थापना<br>• प्रधानाध्यापक बैठक सञ्चालन, शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन, |

| | |
|---|---|
| | • विद्यालयको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अध्यावधिक, स्थानीय पाठ्यक्रम (कक्षा १-५) तयार भएको<br>• विद्यार्थी स्वास्थ्य चेक जाँच सेवा, विद्यालय सरसफाई कार्यक्रम, First Aid Box, स्थानीय सिकाई सामाग्री उपलब्ध भएको |
| **स्वास्थ्य** | • महामारीजन्य रोग नियन्त्रणका लागि आवश्यक मानवीय तथा भौतिक पूर्वतयारी अवस्थामा रहेको ।<br>• पालिका अस्पताल तथा ल्याब सञ्चालनमा आई आम नागरिकले नजिकबाट गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा प्रदान भएको।<br>• स्वास्थ्य चौकीमा कम्प्यूटर, इन्टरनेट लगायत मेसिनरी औजार जडानका साथै स्वास्थ्यकर्मीहरुको पेशागत सीप वृद्धि गर्ने खालका तालिमहरु सञ्चालन<br>• पूर्ण खोपयुक्त गाउँपालिका निरन्तरता घोषणाका साथै कोभिड १९ विरुद्धको पूर्ण खोपयुक्त गाउँपालिका घोषणा<br>• १५ शैयाको अस्पत्ताल निर्माण भइरहेको । |
| **खानेपानी तथा सरसफाइ** | • गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना तर्जुमाका लागी पहल भएको<br>• विभिन्न नयाँ साना खानेपानी आयोजनाहरु निर्माण तथा मर्मत गरिएको<br>• हालसम्म...... वटा मुहान दर्ता भएको खानेपानीको व्यवस्थित उपयोग भएको |
| **संस्कृति प्रवर्द्धन** | • भाषा तथा संस्कृति सम्बन्धी ४ वटा विभिन्न कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएको<br>• रिम्ना दोभान तथा बेल्टापु सांस्कृतिक महोत्सवबाट स्थानीय भाषा, संस्कृतिको संरक्षण, संवर्द्धनका साथै परम्पराको पुस्तेवारी हस्तान्तरणको विकास भएको |
| **खेलकुद तथा मनोरञ्जन** | • ११ वटा विभिन्न खेलमैदान निर्माण तथा यूवा लक्षित कार्यक्रम सम्पन्न भएको<br>• यूवाहरुको व्यावसायिकता विकास गर्ने योजना तथा कार्यक्रमहरुबाट यूवाहरु लाभान्वित भएको<br>• यूवा तथा खेलकूदका लागि भौतिक पूर्वाधार निर्माण तथा खेलकूद प्रतियोगिताबाट व्यवसायिकताको विकासमा टेवा पुगेको<br>• बेल्टापुमा खेलकुद रंगशालाको विस्तृत परियोजना प्रतिवेदन सहित रंगशाला निर्माणको काम भइरहेको<br>• पालिका स्तरीय खेलकुद विकास समित गठन भइ बेल्टापुमा कार्यालय स्थापाना भएको |
| **लैगिक समानता तथा सामाजिक समावेशीकरण** | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण भई अङ्क प्राप्त<br>• वडास्तरमा महिलालक्षित , बालबालिका लक्षित, दलित लक्षित, ज्येष्ठ नागरिक लक्षित कार्यक्रम सम्पन्न<br>• महिला शसक्तीकरण बहुउद्दीशीय सहकारी संस्था महिलाहरुलाई व्यवसाय सञ्चालन अनुदान प्रदान<br>• सुरक्षित नागरिक आवाद्धारा १०४ घरको खरको छाना विस्थापन<br>• पालिकास्तरीय महिला सञ्जाल तथा बाल सञ्जाल गठन<br>• पालिका स्तरीय बाल सञ्जाल गठन पुनगर्ठन र सशक्तिकरण<br>• टुहुरा बालिबालिकालाइ सामाजिक सुरक्षा कार्यक्रम<br>• जोखिममा रहेका बालबालिकालाइ शैक्षिक सहायता कार्यक्रम<br>• बालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम |

### (ग) पूर्वाधार विकास

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल | • विभिन्न सडकहरुको कूल १५ किमि सडकको ट्र्याक खोलिएको<br>• काठे पुल १ वटा कल्भर्ट र २ वटा झोलुङ्गे पुल निर्माण भएको<br>• ग्रामीण सडकहरु मर्मत तथा सम्भार भई सडक यातायात सुचारु अवस्थामा राखिएको |
| सिंचाई | • ३ नयाँ सिंचाई आयोजनाहरु सम्पन्न भएको |
| भवन तथा सहरी विकास | • १ वटा विद्यालय भवन र २ वटा सामुदायिक स्वास्थ्य भवन गरी विभिन्न २ वटा भवनहरु निर्माण भएको<br>• भवन निर्माण मापदण्ड र नक्सा पास सुरु भएको<br>• गाउँपालिका भवन र वडा कार्यालयहरुको भवन निर्माण डिपिआर तयार भएको |
| उर्जा, लघु तथा साना जलविद्युत | • ४ वटा लघु जलविद्युतहरुको मर्मत तथा विस्तार भएको<br>• केन्द्रीय विद्युत लाइन विस्तार हुँदै गएको |
| सञ्चार | • सबै वडाका सबै गाउँटोलमा एफ.एम रेडियो सुनिने अवस्था सिर्जना भएको<br>• वडा कार्यालय तथा माध्यमिक विद्यालयहरुमा विद्यालयहरुमा इन्टरनेट जडान भएको<br>• मोबाइल सेवा प्राय सबै ठाँउमा पुगेको |

### (घ) वातावरण तथा विपद् व्यवस्थापन

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| वन तथा भु-संरक्षण | • सफा र हरियाली गाउँपालिका निर्माण गर्न वृक्षारोपन कार्यलाई निरन्तरता<br>• सामुदायिक वन उपभोक्तासँग सामुदायिक वन विस्तार, संरक्षण र उपयोगका लागि गाउँपालिकास्तरीय वन उपभोक्ता महासंघ गठन |
| जलाधार संरक्षण | • ४ वटा पानीको मुहान संरक्षण,<br>• अध्याचौर दह र दहनेटा पोखरीको संरक्षण |
| वातावरण संरक्षण, जलवायु परिवर्तन | • वृक्षारोपन, वन संरक्षण अभियानबाट वन तथा वातावरणीय संरक्षणमा जोड<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन<br>• आसा प्रोजेक्टले कृषकको उत्थानशीलता अभिवृदि गर्न विभिन्न अनुकुलन आयोजना संचालन |
| फोहरमैला तथा ढल व्यवस्थापन | • सघन सरसफाई कार्यक्रमबाट सरसफाइउन्मुख टोल/वडा घोषणाको थालनी भएको ।<br>• सिम्ली पेदी गिठाकोट र चाइनाबगरमा मुख्य बजार क्षेत्रमा बजार सरसफाइको अभियान थालिएको । |
| जलउत्पन्न प्रकोप नियन्त्रण | • छोटेबगर चाइनाबगर बाहुनीखेत गिठाकोट बलिबाङ देउताखोला सुलिहाले तटबन्धन निर्माण भएको |
| विपद व्यवस्थापन | • स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भएको<br>• विपद् जोखिम व्यवस्थापनका लागि आवश्यक तारजाली, बन्दोबस्तीका सामग्री व्यवस्था भएको |
| एम्बुलेन्स तथा वारुण यन्त्र | • गाउँपालिका २ वटा एम्बुलेन्स सञ्चालनमा रहेको |

## (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

| क्षेत्र | • अपेक्षित नतिजा |
|---|---|
| सामान्य सेवा | • नियमित स्टाफ मिटिङ, मासिक स्टाफ मिटिङ तथा विशेष मिश्रित मिटिङबाट दैनिक सेवाप्रवाहका बारेमा छलफल गरी तत्काल समाधान गर्ने खालको संयन्त्र तयार भएको<br>• सेवा प्रवाह सर्वेक्षणमा सुधार गर्नुपर्ने र असन्तुष्ट मत २ प्रतिशत भन्दा कम रहेको |
| सुरक्षा व्यवस्थापन | • कार्यालयको सुरक्षाका लागि ५ जना नगर प्रहरी ,कार्यालय सहयोगीको व्यवस्था तथा नजिकको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनलाई जोड दिइएको |
| सूचना प्रविधि | • गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टर, इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको व्यवस्था गरिएको<br>• गाउँपालिकाको डाटा व्यवस्थापन तथा भण्डारणका लागि सर्भर जडान गरिएको<br>• गाउँपालिका तथा वडा कार्यालयबाट हुने आम्दानी ब्यवस्थित गर्नका लागि, राजश्व सफ्टवयर प्रणाली जडान भएको<br>• बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA प्रयोग गरिएको । |
| पञ्जिकरण व्यवस्थापन | • व्यक्तिगत घटना दर्ताका पुराना अभिलेख कम्प्यूटराइज्ड र अनलाईनमा आधारित घटना दर्ता कार्यान्वयनमा आएको<br>• पुराना अभिलेखहरु चाहिएको बेला पाइने गरी व्यवस्थापन गरिएको हुने<br>• सम्बत २०७८ सालमा १४७५ व्यक्तिगत घटना दर्ता भएको |
| स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | • डिजिटल प्रोफाइल तयार भएको<br>• ILG Profile तयारीका लागि तथ्याङ्क संकलन कार्य सम्पन्न भएको<br>• सूचना तथा अभिलेख केन्द्र सञ्चालनमा आएको |
| सुशासन प्रवर्द्धन | • तीन चौमासिकमा सार्वजनिक सुनुवाई सम्पन्न भएको<br>• सबै आयोजनाहरुमा आयोजनास्थलमा सूचनापाटी, जनलेखापरीक्षण र सार्वजनिक सुनुवाई अनिवार्य गरिएको<br>• सूचना प्रकाशन, नागरिक वडापत्र अद्यावधिक, गुनासो सुनुवाइ संयन्त्र सक्रिय |
| अनुसन्धान तथा विकास | • विभिन्न आयोजनाहरुको निर्माण तथा सम्भाव्यता अध्ययनका लागि अनुसन्धान तथा विकास सम्बन्धी प्रतिवेदन,<br>• विस्तृत परियोजना प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार भएको |

अघिल्लो आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देहायका समस्या तथा चुनौतिहरुको सामना गर्नुपरेको थियो ।

आर्थिक वर्ष २०८०।८१ मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण प्रक्रिया र स्थानीय शासन व्यवस्थापनका क्रममा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नहुँदा वडा सचिव, प्राविधिक कर्मचारीको कमी हुनु, कतिपय बजेटको समयमै फुकुवा नहुनु, विद्यालयमा दरबन्दी बमोजिमका शिक्षक अभाव हुनु, आन्तरिक आय न्यून हुनु, सडक, बिजुली, सञ्चार जस्ता आधारभूत पूर्वाधारको अभाव हुनु, दक्ष जनशक्तिको अभाव हुनु, कृषि बाली तथा पशुपंक्षीमा विभिन्न रोगका कारण उत्पादन न्यून हुनु, साधन स्रोतको कमी जस्ता समस्याहरुको सामना गर्नुपर्‍यो ।

त्यसैगरी नागरिक अपेक्षा पूरा गर्नु, प्रभावकारी सेवा प्रवाह गर्नु, संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, विकासमा जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधन स्रोतको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारहरु बीच समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक राजस्व वृद्धि गर्नु, आवश्यक नीति तथा कानून निर्माण गर्नु, पुराना जनप्रतिनिधि र नयाँ निर्वाचित जनप्रतिनिधिको कार्यक्रमलाई तालमेल मिलाउनु, समयमै विकास निर्माणका पूर्वाधारहरु निर्माण गर्नु जस्ता चुनौतिहरु पनि सामना गर्नुपर्‍यो ।

**ख) चालु आ.व. को हालसम्मको प्रमुख उपलब्धि, समस्या तथा चुनौती**

चालु आर्थिक वर्ष २०८१।८२ मा क्षेत्रगत रुपमा देहायका प्रमुख उपलब्धिहरु हासिल भएका छन् ।

**क) आर्थिक विकास**

| क्षेत्र | प्रमुख उपलब्धिहरु |
|---|---|
| **कृषि** | • उत्पादनमा आधारित अनुदान प्रणाली सुरुवात भएको जसले गर्दा नक्कली किसान र बिचौलियाको अन्त्य भएको।<br>• कृषि ब्यवसाय प्रर्वधन कार्यक्रम अन्तरगत विभिन्न कृषि समूह तथा सहकारी समूहले मागका आधारमा प्रस्ताव पेश गरी लागत साझेदारीमा कार्यक्रम संचालन गरिरहेका ।<br>• ब्यावसायिक तरकारी खेती तथा विभिन्न पकेट क्षेत्र निर्धारण गरिएको<br>• तरकारी पकेट कार्यक्रम<br>• कृत्रिम गर्भधान मिसन कार्यक्रमबाट मुर्रा भैंसी र जर्सी गाइको सिमेन र तरल नाइट्रोजन खरिद<br>• बाख्रा र भैसीमा थुनिलो रोग उपचारको लागि नमुना संकलन गरी सुर्खेतको पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा पठाइ सो अनुरुपको उपचार<br>• पशु आहार तथा स्वास्थ्य ब्यवस्थापनका लागि प्रोबायोटिक तथा घाँसको विउ विरुवा वितरण संकलन गरिएको ।<br>• बाख्राको महामारीको रुपमा चिनिने पिपिआर रोग नियन्त्रणका लागि खोप कार्यक्रम संचालन<br>• ९०२१ पशुपंक्षीको उपचार गरिएको<br>• सुत्केरी भैसी स्याहार कार्यक्रम लागु<br>• एक वडा एक कृषि तथा पशु प्राविधिको ब्यवस्था गरिएको<br>• वसन्ते तरकारी वाली सिमी, बोडी र भीण्डी को मिनीकिट ४००० घरधुरीलाई वितरण<br>• राष्ट्रिय फल सुन्तला तथा क्षेत्रविस्तार कार्यत्रम लागु<br>• सिन्दुरे रोग नियन्त्रणका लागि एकिकृत कृषि प्रयोगशालासँग समन्वय गरी निशुल्क रुपमा किसानहरुलाई विषादी वितरण |

| | |
|---|---|
| | • सानिभेरी गाउँपालिका अन्तर्गत दर्ता भएका समूहको गहुँ बाली लगाइने क्षेत्रफल अध्यावधिक गरिएको<br>• NAFHA परियोजना अन्तर्गत फलफूल क्षेत्रविस्तार कार्यत्रमका लागि किसानहरुको छनोट गरि परियोजनासँग सम्झौता गरिएको NAFHA परियोजना अन्तर्गत अगुवा कृषक छनोट गरी प्रतिवेदन परियोजनालाई पेश गरिएको ।<br>• आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत विषादी खरिद गरी ५०% अनुदानमा ३०० जना किसानहरुलाई वितरण गरिएको<br>• कृषि हाटबजार थालनीको सुरुवात गरिएको<br>• उन्नत बीउ विजन खरिद तथा वितरण कार्यक्रम अन्तर्गत बर्खे सिजनका तरकारी बीउ (मुला, धनियाँ, केराउ) को मिनीकिट ४५००घरधुरीलाई वितरण गरिएको<br>• कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम अन्तर्गत वसन्ते तरकारी वाली (सिमी, बोडी र भिण्डी) को मिनीकिट ४,००० घरधुरीलाई वितरण<br>• उन्नत बीउ विजन खरिद तथा वितरण कार्यक्रम अन्तर्गत उन्नत जातको (मनकामना ३ र देउती) मकै बीउ खरिद गरी प्रत्येक वडामा वितरण गरिएको<br>• सिन्दुरे रोग नियन्त्रणका लागि एकिकृत कृषि प्रयोगशालासँग समन्वय गरी निशुल्क रुपमा किसानहरुलाई विषादी वितरण गरिएको<br>• उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत विभिन्न बालिहरु जस्तै फलफूल तरकारी मसलाबाली मह आदिमा अनुदान प्रदान गरिएको<br>• राष्टिय फल सुन्तला तथा बगैंचा क्षेत्रविस्तार कार्यक्रम अन्तर्गत सुन्तलाको क्षेत्रविस्तारको लागि किसानहरुसँग सम्झौता भएर काम अगाडि बढेको ।<br>• BEE group सँगको सहकार्यमा वडा नं १ र २ मा किसानहरुलाई रैथाने वाली प्रवर्धन कार्यत्रममा, कृषक पाठशाला र उन्नत मकै बीउ उत्पादन प्रविधि तालिममा सहजिकरण गरिएको |
| **उद्योग वाणिज्य** | • उद्यमी निर्माणका लागि सीप विकास तालिम सञ्चालन<br>• इन्टरलकिङ इट्टा तथा ढुङ्गा काट्ने मेसिन<br>• विद्युतीइ घट्ट<br>• महिला उद्यमी उत्पादनका लागि प्रविधि हस्तान्तरण<br>• सिलाइ कटाइ तालिम तह-२ संचालन २ वटा वडा नं ११ र २<br>• बाख्रा पालन सम्वन्धी आधारभुत तालिम<br>• सानीभेरी -६ अल्लो धागो उत्पादनका लागि सीप विकास तालिम १ वटा<br>• ताजा तरकारी खेती तथा बेमौसमी तरकारी खेती सम्वन्धी सीप विकास तालिम १ वटा |

| | |
|---|---|
| | • पाउरोटी उद्योगलाइ लागत साझेदारीमा संचालन<br>• गार्मेन्ट उद्योग संचालन भइ तयारी पोशाक तयार गरिरहेको<br>• १० जनालाइ खुट्टे चर्खा वितरण<br>• उद्यमशिलता विकास तालिम सानीभेरी गा.पा.-६<br>• हाते ट्याक्टर मर्मत तालिम सानीभेरी -९<br>• एडभान्स सिलाइकटाइ तालि सानीभेरी १० र ११<br>• नयाँ दर्ता गरिएका ब्यवसाय ४६ वटा<br>• नवीकरण गरिएका ब्यवसाय ३१ वटा<br>• दर्ता खारेज गरिएका ब्यवसाय १६ र १ वटा ब्यवसाय नामसारी गरिएको छ । |
| **पर्यटन** | • होम स्टे तालिम संचालन<br>• दहनेटा फट्के त्रिशुलगारे पर्यटकीय पदमार्ग तथा विश्रामस्थल निर्माण<br>• भेरी दह संरक्षणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको । |
| **सहकारी** | • गाउँपालिकामा २१ वटा सहकारी संस्थाहरु दर्ता भई सञ्चालनमा रहेको<br>• सहकारी नियमन सम्बन्धी कार्यक्रम सञ्चालन<br>• सहकारी ब्यवस्थापन सम्वन्धी तालिम<br>• गाउँपालिकाको साझेदारीमा सहकारी मार्फत सस्तो पसल संचालन |
| **वित्तीय क्षेत्र** | • सबै नागरिकको बैक खाता खोल्न लक्ष्मी सनराइज बैक संग समन्वय भएको |
| **रोजगारी सिर्जना** | • २२ वटा सामुदायिक आयोजना मार्फत २५० जनालाइ १०० दिनको रोजगारी सिर्जना ।<br>• १० वटा श्रम स्वीकृति<br>• ३ जनालाइ बैदेशिक रोजगारीमा गएका सन्ततितिलाइ छात्रवृत्ति<br>• ७७ जनालाइ सामाजिक सुरक्षा कोषमा आवद्ध<br>• रोजगार संवाद मन्च संचालन |

## (ख) सामाजिक विकास

| क्षेत्र | प्रमुख उपलब्धि |
|---|---|
| शिक्षा | • भेरी दोभान मावि चाइनाबगर शितल मावि पक्रैया जनप्रिय आवि भण्डारवन सानीभेरी मावि बलिबाङ कालिका आवि घामताप्ने कालिका आवि फुक्रु जनसहयोग आवि माथिल्लो आमडाँडा सरस्वती मावि अर्माडाँडा जनकल्याण मावि बागखोर लगायतका विद्यालय भवनको पुनसंरचना काम तीव्र रुपमा अगाडी बढेको।<br>• प्रधानाध्यापक बैठक सञ्चालन, शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन,<br>• विद्यालयमा विज्ञान प्रयोगशाला र १ वटा विद्यालयमा पुस्तकालय स्थापना<br>• विद्यालय लेखा ब्यवस्थापन , प्रधानाध्यापक नेतृत्व सीप क्षमता विकास तालिम, IEMIS तालिम ,बालविकास सहजकर्ताका लागि ब्यवस्थापकीय सीप क्षमता विकास तालिम<br>• शैक्षिक सुधार कार्यदल गठन गरी उक्त कार्यदले शैक्षिक गुणस्तर सुधारका लागि पेश गरेको प्रतिवेदन कार्यन्वयनको चरणमा रहेको ।<br>• विद्यालय निरीक्षण, अनुगमन तथा कक्षा अवलोकन(मासिक रुपमा)<br>• नियमित प्रधानाध्यापक बैठकहरु सञ्चालन<br>• शिक्षा समिति बैठक सञ्चालन<br>• अपाङ्गताको प्रारम्भिक पहिचान र सिकाइ आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयन सम्बन्धी प्र.अ. अभिमुखिकरण कार्यक्रम सञ्चालन<br>• अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening) सम्बन्धी शिक्षक तालिम सञ्चालन<br>• सिकाइ आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयन सम्बन्धी शिक्षक तालिम सञ्चालन<br>• सिकाइ आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयनका लागि Pre Test and Post Test सञ्चालन तथा नतिजा प्रकाशन<br>• सिकाइ आपूरण तथा द्रुत सिकाई योजनाको नतिजा र प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्मका विद्यार्थीको अपाङ्गताको प्रारम्भिक पहिचानको विवरण IEMIS मा प्रविष्ट<br>• प्रशनपत्र निर्माण कार्यशाला सञ्चालन<br>• वार्षिक परीक्षाका प्रश्नपत्र र उत्तरपुस्तिकाहरु छपाई तथा विद्यालयमा वितरण |

| | |
|---|---|
| | • वार्षिक परीक्षा सञ्चालन तथा अनुगमन<br>• गाउँपालिका स्तरीय कक्षा ५ र कक्षा ८ को उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन<br>• वार्षिक परीक्षाका सम्पूर्ण नतिजाहरु शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट<br>• माध्यमिक शिक्षा परीक्षा(SEE) अनुगमन<br>• २ जना छात्रलाइ एमविविएस अध्ययन सहयोग र दलित र जनजातिका बालबालिकालाइ छात्रबृत्ति सहयोग । |
| **स्वास्थ्य** | • सुत्केरी अति बिपन्न गरिब आकस्मिक दुर्घटनामा जीवन संरक्षणका लागि निशुल्क एम्वुलेन्स सेवा<br>• १७ जना विपन्न नागरिकलाइ रु.१ लाख बराबरको विपन्न नागरिक सिफारीस ।<br>• ८७ जना नागरिकलाइ रु.७लाख बराबरको बिपन्न नागरिक उपचार सहायता प्रदान<br>• १५ शैया आधारभुत अस्पतालको निर्माणको काम अन्तिम चरणमा<br>• ४ करोड लागतमा अर्मा स्वास्थ्य चौकीको भवन निर्माण सुरु<br>• १ करोड लागतको चाइनाबगर स्वास्थ्य चौकी निर्माण सुरु<br>• ५० लाख लागतमा गरायला स्वास्थ्य चौकी निर्माण सुरु<br>• ३८ लाखमा गोरुमारे स्वास्थ्य चौकी भवन निर्माण सुरु<br>• शुन्य मातृ मृत्युदर<br>• शुन्य बालमृत्युदर<br>• १५८३ किशोरीहरुलाइ पाठेघरको क्यान्सर बिरुद्धको HPV खोप संचालन ९२ प्रतिशत<br>• १३७ जना सुत्केरी तथा आकस्मिक दुर्घटनामा परेका नागरिकहरुलाइ जना रु.६५६३०० निशुल्क एम्वुलेन्स सेवा प्रदान<br>• ७४ जना गर्भवतिहरुलाई निशुल्क भिडियो एक्सरे सेवा<br>• मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई मासिक ५००० का दर उपचार सहायता जम्मा २५ जनालाई वितरण<br>• ३२७ BCG र ४०५ जनालाइ दादुरा रुबेला खोप सेवा प्रदान<br>• २२२ जना संस्थागत सुत्केरी |

सानीभेरी गाउँपालिका

| | |
|---|---|
| | • २९८१४ जना विरामीको स्वास्थ्य चौकी परिक्षण<br>• ४ जना शिघ्र कुपोषित बालबालिकाको सफल उपचार<br>• २५ लाख ९३ हजारको सानीभेरीका सबै स्वास्थ्य संस्थाहरु र आखा उपचार केन्द्रका |
| **खानेपानी तथा सरसफाइ** | • बुकीचौर लिफ्टिङ खानेपानी आयोजना संचालन<br>• INLINE CHLORINATION सहितका ११ वटै वडामा ११ खानेपानी आयोजना निर्माण<br>• सुस्वा आयोजना मार्फत INLINE CHLORINATIO N सहितका ७ वटा खानेपानी तथा स्वच्छता आयोजना निर्माण<br>• १५ वटा आयोजनाको वाटर क्वालिटी परिक्षण सेवाको सुरुवात<br>• गाउँपालिकालाइ पुर्ण सरसफाइ युक्त बनाउन सुधारिएको शौचालय निर्माण चाङ जुठेल्नो ब्यवस्थापन<br>• मर्यादित महिनावारी ब्यवस्थापनका कार्यक्रम संचालन<br>• एक घर एक धारा क्रमश सम्पन्न हुँदै<br>• स्यानिटरी प्याड निर्माण तालिम मर्मत सम्भार कार्यकर्ता तालिम पुर्ण सरसफाइ गोष्ठी आयोजना संचालन<br>• खानेपानी तथा सरसफाइ स्वच्छता ऐन तथा कार्यविधि निर्माण तथा तयारी |
| **संस्कृति प्रवर्द्धन** | • सानीभेरीको कला संस्कृतिको लागि कला संस्कृति र पर्यटन प्रवर्धन मञ्चसंग समन्वय सहकार्य भइरहेको |
| **यूवा खेलकुद तथा मनोरञ्जन** | • यूवा तथा खेलकूद सम्बन्धी ८ वटा कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएको<br>• सानीभेरीबाट विभिन्न विधामा प्रतिस्पर्धा गरी उपाधी चुम्न सफल खेलाडीलाइ सम्मान पुरुस्कृत गर्ने गरेको ।<br>• बेल्टापुमा खेलकुद विकास समितिको कार्यालय खडा गरी खेलकुद विकासको क्षेत्रमा प्रयत्न गरिरहेको<br>• विद्यालय देखिनै प्रतिभावान खेलाडी उत्पादन गर्नका लागि खेल प्रशिक्षकको ब्यवस्था गरिएको । |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | • स्थानीय बालअधिकार समिति गठन तथा परिचालन/वडास्तरीय बाल संरक्षण समिति गठन<br>• अनाथ बालबालिकालाइ रु २००० का दरले सामाजिक सुरक्षा कार्यक्रम<br>• १८८ जना विपन्न नागरिक बालबालिकालाइ रु.१०००० का दरले सामाजिका सुरक्षा कार्यक्रम |

| | |
|---|---|
| | • आपतकालीन काल उद्धार कोष सहायता<br>• जेष्ठ नागरिक भ्रमण तथा अवलकोन कार्यक्रम<br>• वडा तथा गाउँपालिकास्तरीय महिला सञ्जाल, बाल सञ्जाल गठन तथा अभिमुखीकरण सम्पन्न<br>• महिला तथा बालबालिकासम्बन्धी क्षमता विकास कार्यक्रमहरु सम्पन्न<br>• अति विपन्न व्यक्ति, गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान<br>• विभिन्न गैरसरकारी संघ संस्थाको सहयोगमा विपन्न बर्गलाई वीउपुजी तथा जीविकोपार्जन सम्वन्धी कार्यक्रम । |

**(ग) पूर्वाधार विकास**

| **क्षेत्र** | **अपेक्षित नतिजा** |
|---|---|
| **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल** | • ८ वटा विभिन्न सडक निर्माण कार्य सम्पन्न, झोलुङ्गे पुलतर्फ ४ वटा पुलको निर्माण कार्य भइरहेको<br>• ४ वटा विभिन्न आरसिसी पुल,काठे पुलहरु सम्पन्न भएको<br>• ग्रामीण सडकहरु मर्मत तथा सम्भार भई सडक यातायात सुचारु अवस्थामा राखिएको<br>• बल्लेबास मेलचौर सडक स्तोरोन्नतिको काम अन्तिम चरणमा रहेको । |
| **सिंचाई** | • ६ नयाँ साना सिंचाई योजना निर्माण सम्पन्न भएको |
| **भवन तथा सहरी विकास** | • भुकम्प क्षति भएका ६ वटा भवनहरुको निर्माण कार्य अन्तिम चरणमा<br>• भवन निर्माण मापदण्ड र नक्सा पास सुरु भएको<br>• ६ वटा वडा कार्यालयको भवन निर्माण सम्पन्न ।<br>• वडा नं.२,र ४ को भवन निर्माणको कार्य अन्तिम चरणमा।<br>• गाउँपालिका प्रशासकीय भवन निर्माण समपन्न ।<br>• १५ शैया आधारभुत अस्पत्ताल भवन निर्माणको अन्तिम चरणमा<br>• राङ्खोला लिफ्ट खानेपानी आयोजनाको दोस्रो बाट तेस्रो पानी तानेन काम सम्पन्न<br>• नेरामावि घापाघारको अन्तिम भुक्तानी भइ भवन सम्पन्न भएको<br>• घरनक्सा पास तथा अभिलेखीकरणको काम तीब्र गतिमा अगाडि बढेको |
| **उर्जा, लघु तथा साना जलविद्युत** | • सबै वडामा केन्द्रीय विद्युत लाइन बिस्तारको काम सम्पन्न हुदै बाँकी भुभागमा अर्को आर्थिक बर्षमा सम्पन्न हुने |
| **सञ्चार** | • सबै वडामाएफ.एम रेडियो सुनिने र मोबाइल नेटवर्क पहुँच स्थापना भएको |

| | |
|---|---|
| | • सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा भरपर्दो इन्टरनेट पहुँच विस्तार<br>• नेपाल टेलिकमसंग द्विपक्षीय सम्झौता भइ सबै वडामा नेपाल टेलिकमको नेट विस्तार गर्ने गृहकार्य भइरहेको ।<br>• पालिकाको सेवा र विकासमा जोड दिने जिल्ला स्थित छापा तथा अनलाइन संचार माध्यहरुलाइ निरन्तर सहयोग ।<br>• रेडियो मौराखाराको स्तोरोन्नति र मर्मतका लागि अनुदान सहयोग तथा कार्यक्रम सहयोग |

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

| क्षेत्र | अपेक्षित नतिजा |
|---|---|
| **वन तथा भु-संरक्षण** | • सामुदायिक वन उपभोक्ता महासंघसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न<br>• सामुदायिक वन ब्यवस्थापन गर्ने सम्वन्धमा जिल्ला वन कार्यालय संग अन्तरक्रिया कार्यक्रम सम्पन्न ।<br>• सानीभेरी -१ सोता बगरमा नदी नियन्त्रणका लागि तटबन्धन निर्माण |
| **जलाधार संरक्षण** | • पानीको मुहान संरक्षणका लागि बृक्षारोपणको सुरुवात<br>• दहनेटा पोखरी र अध्याचौर पोखरी गरी २ वटा पोखरी संरक्षण |
| **वातावरण संरक्षण, जलवायु परिवर्तन** | • वृक्षारोपन, वन संरक्षण अभियानबाट वन तथा वातावरणीय संरक्षणमा जोड<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन<br>• वडा नं.४ मा रिचार्ज पोखरी निर्माण |
| **फोहरमैला तथा ढल व्यवस्थापन** | • बजार क्षेत्रको फोहोर ब्यवस्थापनका लागि सुलिहाले सानीभेरी ९ मा डम्पिङ साइट निर्माण |
| **जलउत्पन्न प्रकोप नियन्त्रण** | • सुलिहाले र फुक्रु खण्डमा नदी नियन्त्रणका लागी तटबन्धन आयोजना कार्यन्नवयन भइरहेको । |
| **विपद व्यवस्थापन** | • ६३३५ को अस्थायी आवास निर्माणका लागि अनुदान<br>• ६०३८ घरधुरीको विस्तृत क्षति आकलन सम्पन्न<br>• आपतकालीन कार्यसन्चालन केन्द्र संचालन<br>• LDCRP DPRP LDCRF योजना निर्माण<br>• मनसुन जन्य क्षतिको राहत वितरण |

| | |
|---|---|
| **एम्बुलेन्स तथा वारुण यन्त्र** | • गाउँपालिका २ वटा एम्बुलेन्स सञ्चालनमा रहेको |

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

| **क्षेत्र** | • **अपेक्षित नतिजा** |
|---|---|
| **सामान्य सेवा** | • नियमित स्टाफ मिटिङ, मासिक स्टाफ मिटिङ तथा विशेष मिश्रित मिटिङबाट दैनिक सेवाप्रवाहका बारेमा छलफल गरी तत्काल समाधान गर्ने खालको संयन्त्र तयार भएको |
| **सुरक्षा व्यवस्थापन** | • कार्यालयको सुरक्षाका लागि नगर प्रहरी कार्यालय सहयोगीको व्यवस्था तथा नजिकको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनलाई जोड दिइएको |
| **सूचना प्रविधि** | • गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टर, इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको व्यवस्था गरिएको<br>• राजस्व संकलनका लागि अनलाइन सफ्टवयर र सानीभेरी गा.पा. अस्पत्तालमा मेडिप्रो सफ्टवयर संचालन गरिएको ।<br>• बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA मा पूर्ण रुपमा EFT प्रयोग गरिएको ।<br>• अनलाइ राजस्व ब्यवस्थापन |
| **पञ्जिकरण व्यवस्थापन** | • अनलाइन घटना दर्ता नियमितता<br>• सामाजिक सुरुक्षा भत्ता इफटी मार्फत प्रदान<br>• पालिकाको खर्च व्यवस्थापनमा बैंकलाइ वडा कार्यालय सम्म लिइ भत्ता वितरण<br>• प्रत्येक त्रैमासिक समयसिमा भित्र खातामा भत्ताँ निकासा<br>• सामाजिक सुरक्षालाइ प्रभावकारी बनाउन बायोमेट्रिक प्रणाली लागु । |
| **स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन** | • शिक्षा र स्वास्थ्यको तथ्याङ्क संकलनका लागि प्रदेश सरकाको सहयोगमा प्रक्रिया अगाडि बढाएको ।<br>• मध्यमकालीमन खर्च संरचना तयार |
| **सुशासन प्रवर्द्धन** | • सबै आयोजनाहरुमा आयोजनास्थलमा सूचनापाटी, जनलेखापरीक्षण अनिवार्य गरिएको<br>• सूचना प्रकाशन, नागरिक वडापत्र अद्यावधिक, गुनासो सुनुवाइ संयन्त्र सक्रिय<br>• बेरुजु ०.९० झरेको । जिल्लामा बेरुजुमा दोस्रो स्थान हासिल गरेको |

| | |
|---|---|
| | • कार्यसम्पादन मुल्याङकनमा ७२ अंक सहित जिल्लामा प्रथम र कर्णाली प्रदेशमा दोस्रो स्थान हासिल<br>• लिसामा ९६.७५ र वित्तीय जोखिम मुल्याङकनमा ९६.५० सहित उत्कृष्ठ रहेको । |
| **अनुसन्धान तथा विकास** | • विभिन्न आयोजनाहरुको निर्माण तथा सम्भाव्यता अध्ययनका लागि अनुसन्धान तथा विकास सम्बन्धी प्रतिवेदन, तयार भएको । |
| **न्यायिक समिति** | • मेलमिलापकर्ताहरुलाइ ८ दिवशीय मेलमिलाप सम्वन्धी विज्ञ प्रशिक्षकको उपस्थितिमा तालिम सम्पन्न ।<br>• २० वटा उजुरी मध्ये १३ वटा उजुरी फछ्यौट भएको<br>• २० वटा इजलास बैंठक बसेको |
| **बहुक्षेत्रीय पोषण** | • बाख्रा पालन सम्वन्धी ब्यवसायिक तालिम संचालन<br>• वडा नं.११मा १४० जना गर्भवती आमाहरुलाइ ३ हसे कुखुरा वितरण<br>• OTC सेन्टर स्थापना<br>• करेसाबारी निर्माण प्रोत्साहन |

चालु आर्थिक वर्ष २०८१।०८२ मा अघिल्लो आर्थिक वर्षमा झैं गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण प्रक्रिया र स्थानीय शासन व्यवस्थापनका क्रममा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नहुँदा वडा सचिव, प्राविधिक कर्मचारीको कमी हुनु, कतिपय बजेटको समयमै फुकुवा नहुनु, विद्यालयमा दरबन्दी बमोजिमका शिक्षक अभाव हुनु, आन्तरिक आय न्यून हुनु, सडक, बिजुली, सञ्चार जस्ता आधारभूत पूर्वाधारको अभाव हुनु, दक्ष जनशक्तिको अभाव हुनु, कृषि बाली तथा पशुपंक्षीमा विभिन्न रोगका कारण उत्पादन न्यून हुनु, साधन स्रोतको कमी, आन्तरिक ऋण उठाउन कानूनी अभाव जस्ता समस्याहरुको विद्यमान छन् ।

त्यसैगरी नागरिक अपेक्षा पूरा गर्नु, प्रभावकारी सेवा प्रवाह गर्नु, संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, विकासमा जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधन स्रोतको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारहरु बीच समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक राजस्व वृद्धि गर्नु, आवश्यक नीति तथा कानून निर्माण गर्नु, पुराना जनप्रतिनिधि र नयाँ निर्वाचित जनप्रतिनिधिको कार्यक्रमलाई तालमेल मिलाउनु, समयमै विकास निर्माणका पूर्वाधारहरु निर्माण गर्नु, वस्तीस्तरको माग र गाउँपालिकाको रणनीतिक योजना बीच तालमेल मिलाउनु, आयोजनाको छनौट, प्राथमिकीकरण, विनियोजन कुशलता र कार्यान्वयन दक्षता बढाउनु, सुशासन प्रवर्द्धन गर्नु जस्ता चुनौतिहरु पनि सामना गर्नुपर्नेछ । त्यसैगरी आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरीयता र दिगो संरक्षणको सुनिश्चित गर्नु, विकास आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु, स्थानीयस्तरमा रोजगारी सिर्जनामार्फत यूवाहरुलाई गाउँमै फर्काउनु, आर्थिक तथा सामाजिक विकास गर्नु, बैंक तथा वित्तीय संस्थाको वृद्धि

तथा वित्तीय साक्षरतामार्फत औपचारिक अर्थतन्त्रको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको विकास तथा साक्षरता वृद्धि गर्नु जस्ता चुनौतिहरु रहेका छन् ।

## ३) योजना तथा बजेट तर्जुमाका आधार

### क) संवैधानिक तथा कानूनी आधार

नेपालको संविधानको धारा ५९मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ। संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्र सहित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरु स्थानीय तहका योजना तर्जुमाका आधारहरु हुन् । संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यको आर्थिक उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाई दिशानिर्देश गर्दछ। तसर्थ स्थानीय तहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेका व्यवस्थाहरुको कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ।

### ख) राष्ट्रिय लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता

**"समृद्ध नेपाल, सुखी नेपाली"**

- संविधानद्वारा निर्देशित मार्गमा दिगो, समावेशी, उच्च तथा सन्तुलित आर्थिक वृद्धि हासिल गर्दै दीगो विकास लक्ष्य (SDGs) प्राप्त गर्ने।

<u>दीर्घकालीन राष्ट्रिय लक्ष्य</u>

क) समृद्ध नेपाल

१. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआवद्धता
२. मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग
३. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व
४. उच्च र समतामूलक राष्ट्रिय आय

ख) सुखी नेपाली

१. परिष्कृत तथा मर्यादित जीवन
२. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
३. स्वस्थ र सन्तुलित पर्यावरण
४. सुशासन



सानीभेरी गाउँपालिका

५. सबल लोकतन्त्र

६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान

**राष्ट्रिय उद्देश्यहरू:**

१. उत्पादक, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने

सबै क्षेत्रमा उत्पादनशीलता बढाई दीगो आर्थिक वृद्धिलाई सुनिश्चित गर्ने।

२. स्वदेशमै रोजगारी सृजना गर्ने

युवा वर्गलाई स्वदेशमै रोजगार दिलाई वैदेशिक रोजगार निर्भरता घटाउने।

३. गरिबी घटाउने र मानव विकास सुधार गर्ने

शिक्षा, स्वास्थ्य, पोषण, र सामाजिक सुरक्षामा पहुँच वृद्धि गरी जीवनस्तर सुधार।

४. सामाजिक न्याय र समावेशी समाजको निर्माण गर्ने

सबै वर्ग, जाति, लिङ्ग, क्षेत्रका नागरिकको समान सहभागिता र पहुँच सुनिश्चित गर्नु।

५. संघीय लोकतान्त्रिक शासन प्रणाली सुदृढ गर्ने

संघ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक कार्य प्रणाली विकास गर्ने।

६. अवधारणागत परिवर्तनसहितको पूर्वाधार र प्रविधिको विकास गर्ने

भौतिक पूर्वाधार, सूचना प्रविधि, नवप्रवर्तन, अनुसन्धान र डिजिटल प्रणाली प्रवर्द्धन।

७. दिगो विकास लक्ष्य (SDGs) प्राप्तिमा योगदान पुऱ्याउने

सन् २०३० सम्मका लागि तय गरिएका अन्तर्राष्ट्रिय विकास लक्ष्यहरूमा नेपाललाई अग्रसर गराउने।

८. जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा सुधार गर्ने

वातावरणीय संवेदनशीलता र दीगो वातावरणीय उपयोग सुनिश्चित गर्ने।

**राष्ट्रिय रणनीति**

१. पूर्वाधार विकासमा लगानी

यातायात, ऊर्जा, सञ्चार, सिंचाइ आदि पूर्वाधारमा सार्वजनिक तथा निजी साझेदारीमार्फत लगानी वृद्धि।

२. कृषि र औद्योगिकीकरणमा प्रवर्द्धन

आधुनिक र व्यावसायिक कृषि प्रणाली विकास गर्दै खाद्य सुरक्षामा जोड।

३. मानव पूँजीमा लगानी

शिक्षा, स्वास्थ्य, सीप विकासमा लगानी विस्तार।



सानीभेरी गाउँपालिका

४. पर्यटन र सेवा क्षेत्रको विकास

पर्यटकीय गन्तव्य विस्तार र सेवा क्षेत्रमा नवप्रवर्तन (innovation) प्रोत्साहन।

५. नवीन प्रविधि र डिजिटल प्रवर्द्धन

डिजिटल अर्थतन्त्र र स्मार्ट प्रशासन प्रणालीमा जोड।

६. जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण

हरित विकास (Green Growth), दिगो प्रकृति उपयोग र विपद् जोखिम न्यूनीकरण।

७. सुशासन र कानुनी शासनको प्रवर्द्धन

भ्रष्टाचार न्यूनीकरण, उत्तरदायित्व र पारदर्शिता।

**ग) प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता**

**सोचः**नेपालको दीर्घकालीन सोच "समृद्ध नेपालः सुखी नेपाली", प्रदेशको दीर्घकालीन सोच "समृद्ध कर्णालीः सुखारी कर्णालीवासी" र सोह्रौं योजनाको सोचलाई समेत दृष्टिगत गरी दोस्रो पञ्चवर्षीय आवधिक योजनाको सोच देहायअनुसारको तय गरिएको छः

**सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली**

**लक्ष्यः**नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी प्रबर्द्धन, उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण, सामाजिक न्याय र सुशासन मार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्ने।

**उद्देश्यःयस योजनाबाट देहायअनुसारका उद्देश्य हासिल हुने अपेक्षा रहेको छः-**

१. उत्पादन, रोजगारी र आय वृद्धि तथा गरिबी न्यूनीकरण गर्नु,

२. सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम गर्नु,

३. सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रबर्द्धन गर्नु,

४. सुशासन प्रबर्द्धन तथा विकासको प्रतिफल जनतासामु पुर्‌याउनु ।

यस दोस्रो पञ्चवर्षीय योजनामा समावेश भएका प्रदेश विकास तथा संरचनागत रुपान्तरणका क्षेत्रका उद्देश्य सम्बन्धित परिच्छेदमा उल्लेख गरीएका छन् ।

**प्रदेश विकासका प्राथमिकता**

समृद्ध प्रदेश निर्माणका लागि योजनाको सोच उन्मुख समष्टिगत लक्ष्य तथा उद्देश्य, प्रदेश विकास तथा संरचनागत रुपान्तरणका क्षेत्र पहिचान गरी सोको विद्यमान अवस्था, सवाल तथा चुनौती, रुपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम तथा परिमाणात्मक लक्ष्य प्रस्तुत गरीएको छ। प्रदेश विकास तथा संरचनागत रुपान्तरणका लागि प्रदेशको संभावना तथा अवसर, अधिकार क्षेत्र, सामर्थ्य, सवाल तथा चुनौतीसमेतका आधारमा योजनाका प्राथमिकता देहायअनुसार रहेका छन्ः

१. पूर्वाधार तथा अन्तर-आबद्धता,

२. नवप्रवर्तन, उत्पादन र रोजगारी,

३. उद्योग, पर्यटन, वन तथा वातावरण,

४. मानव पुँजी तथा सामाजिक विकास,

५. डिजिटल कर्णाली तथा सुशासन ।

**घ) गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा कार्यक्रम**

**"समृद्ध सानीभेरी सुखी सानीभेरीबासी"**

उपरोक्त दीर्घकालीन सोचलाइ प्राप्त गर्न आधुनिक तथा व्यवसायिक कृर्षि र उद्यम गरी रोजगारी सृजना गुणस्तरीय शिक्षा सहज र सर्वसुलभ स्वास्थ्य सेवा र दीगो सुरक्षित भौतिक पूर्वाधार स्वच्छ वातावरण र पर्यापर्यटनको माध्यमबाट पाँच बर्षको अवधिमा दीर्घकालीन सोच उन्मुख हुने लक्ष्य राखिएको छ ।

**दीर्घकालीन सोंचका आधारहरु (निर्देशक सिद्धान्तहरु)**

सानीभेरी गाउापालिकाको दीर्घकालिन सोंच र लक्ष्यलाई प्राप्त गर्न देहाय अनुसारको आधार स्तम्भ (निर्देशक सिद्धान्त) हरुलाई परिपालना गरिनेछ ।

तालिका १: दीर्घकालिन सोंचको आधारस्तम्भ (निर्देशक सिद्धान्त)

| समृद्ध | सुखी |
|---|---|
| ११ प्रतिस्पर्धी मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २१ सुशासन |
| १२ दीगो तथा भरपर्दो पुर्वाधार तथा आर्थिक अन्तरसम्बन्ध | २२ परिस्कृत तथा मर्यादित जीवन |
| १३ तीव्र उत्पादन दिगो उत्पादकत्व | मध्यम जीवनस्तर |
| १४ उच्च तथा समतामुलक आय | सभ्य र सामाजिक रुपमा न्यायपुर्ण समाज |

**माथि उल्लेखित सानीभेरी गाउँपालिकाको सोच तथा निर्देशक सिद्धान्तहरुको समेत तपसिलमा व्याख्या समेत गरिएको छः**

| | |
|---|---|
| **समृद्ध सानीभेरी** | • **प्रतिस्पर्धी मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोगः** प्राविधिक तथा जीवनोपयोगी शिक्षाको माध्यमबाट उच्च प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी स्थानीय सम्भाव्यताको भरपुर सदुपायोगबाट समृद्धि हासिल गर्ने ।<br>• **दीगो तथा भरपर्दो पूर्वाधार तथा आर्थिक अन्तरसम्बन्धः** शिक्षा, स्वास्थ्य तथा यातायात जस्ता भौतिक पूर्वाधारको दीगो विकास गरी उत्पादन र बजार बिचको चलायमान आर्थिक सम्बन्ध स्थापन गर्ने ।<br>• **तिब्र उत्पादन दीगो उत्पादकत्वः** नयाँप्रविधिको प्रयोग र व्यवासायिक खेतीको माध्यमबाट तिब्र उत्पादन गर्दै दीगो उत्पादकत्व कायम गर्ने ।<br>• **उच्च तथा समतामुलक आयः** समानुपातिक तथा सहभागितमुलक उत्पादन र वितरण प्रणालीको माध्यमबाट गाउँवासीको उच्च तथा समतामुलक आयमा बृद्धि गर्ने । |
| **सुखी सानीभेरीबासी** | • **सुशासनः** सबै खालका विभेद तथा वहिष्करणको अन्त्य गरी कानून तथा विधिको शासन स्थापना गर्ने ।<br>• **परिस्कृत तथा मर्यादित जीवनः** ज्ञान, सीप र दक्षताद्वारा परिस्कृत अनि आर्थिक तथा सामाजिक रुपले मर्यादित गाउँवासीको जीवनस्तर बनाउने ।<br>• **मध्यम जीवनस्तरः** उच्च उत्पादन तथा बजार व्यवस्थापनबाट आयमा उच्च बृद्धि हासिल गरी गाउँवासीको मध्यम जीवनस्तर हासिल गर्ने ।<br>• **सभ्य र न्यायपूर्ण समाजः** शिक्षा तथा स्वास्थ्य लगायतका क्षेत्रमा समतामुलक र गुणत्मक सुधार गरी सभ्य र न्यापूर्ण समाजको स्थापना गर्दै सानीभेरीबासीलाई सुखी बनाउने । |

**लक्ष्य तथा उद्देश्यः**

गाउँपालिकाको समष्टिगत विकासका लागि व्यवसायिक तथा जलवायु अनुकुलित कृषि, उद्यम रोजगारीको सृजना, समानुपातिक प्रतिनिधत्व एवं गुणस्तरीय शिक्षा र स्वास्थ्यको माध्यमबाट समृद्धि हासिल गर्दै सानीभेरीवासीको सुखी जीवन प्राप्त हुने लक्ष्य निर्धारण गरिएको छ । यस लक्ष्यलाई गाउँबासी र जनप्रतिनिधि सबैले सहज तरिकाले उच्चारण गर्नको लागि "समाजवाद उन्मुख समृद्धिको पहिलो आधारः उत्पादन र पुर्वाधार सहितको शिक्षा स्वास्थ्य रोजगार" भन्ने उद्देश्य निर्धारण गरिएको छ । यस लक्ष्यको निर्देशक मान्यताको रुपमा देहायका क्षेत्रलाई मानिएको छ ।

- प्रविधिकरण सहितको व्यवसायिक कृषि
- उद्यम र रोजगारी,
- समावेशी र गुणस्तरीय शिक्षा,
- समानुपातिक प्रतिनिधत्व
- सहज स्वास्थ्य सेवामा पहुँच
- दीगो र भरपर्दो भौतिक पूर्वाधार
- स्वच्छ वातावरण र पर्यापर्यटन ।

साथै यस योजनाले निर्धारित विकास लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्यहरु निर्धारण गरेको छ ः

- उत्पादन, रोजगारी र आयमा तिब्र र दीगो वृद्धि गर्नु ।
- स्वस्थ, समावेशी प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु ।



सानीभेरी गाउँपालिका

- सुरक्षित दीगो उत्थानशील र गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा अन्तरआवद्धतामा बृद्धि गर्नु
- वन, जमीन र जलश्रोतको दीगो उपयोग गर्दै विपद्जोखिममुक्त पालिका बनाउनु ।
- सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिबृद्धि गर्नु

**समष्टिगत प्राथमिकता तथा रणनितीहरुः**

सानीभेरी गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछः

- नयाँप्रविधिको प्रयोग तथा व्यवसायिक उत्पादन मार्फत दीगो र छिटो आर्थिक बृद्धि गरी समृद्धि हासिल गर्ने
- कला र सँस्कृतिको जगेर्ना र पर्यटकीय क्षेत्रको प्रवद्र्धन गरी रोजगारी बृद्धि गर्ने ।
- समावेशी, प्राविधिक, व्यवसायिक तथा जीवनोपायोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाई, मार्फत स्वस्थ, सिर्जनशिल, सीपयुक्त र सभ्य मानवीय शक्तिको विकास गर्ने ।
- व्यवस्थित यातायात, सुरक्षित बजार, आवास तथा संचारका पूर्वाधार विकासको माध्यमबाट आर्थिक अन्तरसम्वन्धको विकास गरी आधारभूत सुविधाको पहुँचमा बृद्धि गर्ने ।
- जलश्रोत तथा सौर्य श्रोतको अधिकतम परिचालनबाट प्रचुर मात्रमा उर्जा उत्पादन गरी औधोगिक विकास तथा उच्पादन कार्यलाई सहज बनाउने ।
- वातावरण विकास, जलवायु परिवर्तन अनुकुलन तथा जैविक विविधता संरक्षणलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरी विकासलाई समावेशी र दीगो बनाउने ।
- पूर्व तयारी, प्रतिकार्य, उद्दार कार्य र पुनस्थापना कार्यको लागि क्षमतामा अभिबृद्धि गरी विकास तथा जनजीवनलाई विपद् जोखिममुक्त बनाउने ।
- अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाजको साझेदारी र सहशासनको माध्यमद्वारा विकासको गतिलाई तिब्र बनाउने ।

सानीभेरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमम तर्जुमाका लागि देहाय बमोजिमका क्षेत्र तथा उपक्षेत्रलाई प्राथमिकता निर्धारण गरिएको छ ।

१) सामाजिक विकास क्षेत्र

२) पूर्वाधार विकास क्षेत्र

३) आर्थिक विकास क्षेत्र

४) सुशासन तथा संस्थागत विकास क्षेत्र

५) वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र

उल्लिखित प्राथमिकताका आधारमा रहेर देहाय बमोजिमका नीति तथा कार्यक्रमहरुलाई प्राथमिकता दिइएको छ ।

क) कृषि, पर्यटन, उद्योग तथा मानव संशाधनको क्षेत्रमा जोड,

ख) घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड,

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई लगायतका क्षेत्रमा जोड

सानीभेरी गाउँपालिका

घ) पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन, जलविद्युत उत्पादन, उद्योग स्थापना लगायतका क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी आकर्षण तथा रोजगारी प्रवर्द्धन

ङ) स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण

च) अन्तरसम्बन्धित पूर्वाधार विकास र पूँजी निर्माण

छ) विपद् व्यवस्थापन, वन तथा भू—संरक्षण, जलवायु परिवर्तन अनुकूलन

ज) संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा जोड,

झ) नवप्रवर्तन, वैज्ञानिक अनुसन्धान र विकास ।

**ङ) अन्तरसम्बन्धित विषयहरु**

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विकासका समसामयिक मामिलाहरु तथा अन्तरसम्बन्धित विषयहरुलाई सम्बोधन गर्नुपर्दछ । अन्तरसम्बन्धित विषयहरु एउटा पक्ष पछि पर्दा अर्को पक्ष समेत प्रभावित हुने भएकाले सबै क्षेत्रलाई सन्तुलित रुपमा सँगसँगै अगाडि लैजानुपर्ने हुन्छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, वार्षिक बजेट तर्जुमा गर्दा देहायका अन्तरसम्बन्धित विषयहरुलाई छुटाउनुहुँदैन ।

१. गरिवी न्युनीकरण,

२. दीगो विकासका लक्ष्य सम्वोधन,

३. मानव संसाधनको विकास,

४. वातावरण संरक्षण,

५. सामाजिक समावेशीकरण,

६. समतामूलक विकास,

७. जनसंख्या व्यवस्थापन,

८. आयको न्यायोचित वितरण,

९. बढ्दो शहरीकरणको व्यवस्थापन,

१०. बढ्दो उर्जा संकटको व्यवस्थापन,

११. विपद व्यवस्थापन,

१२. वातावरण संरक्षण,



सानीभेरी गाउँपालिका

१३. साझेदारी एवं सहकार्य,

१४. लैङ्गिक समानता,

१५. सन्तुलित विकास

## ४) बजेट सीमा

आगामी आ.व. २०८२/०८३ समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सानीभेरी गाउँपालिका र विषयगत शाखा/एकाइ/वडा कार्यालयहरुलाई **रु ५३,५९,६१,५३८ अक्षरेपी ५३ करोड ५९ लाख ६१ हजार ५ सय ३८ रुपैया** को बजेट सीमा निर्धारण गरिएको छ। निर्धारित सीमा मध्ये चालु खर्चतर्फ रु. **३९,९६,६३,६३९.६७ अक्षरेपी ३९ करोड ९६ लाख ६३ हजार ६ सय ३९ रुपैया** तथा पुँजीगत खर्च तर्फ रु. **१३,६२,९७,८९९.०० अक्षरेपी १३ करोड ६२ लाख ९७ हजार ८ सय ९९ रुपैया** छुट्याइएको छ। उक्त बजेट सीमाको विवरण देहाय बमोजिम रहेको छ ।

सानीभेरी गाउँपालिका

## सानीभेरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय , रुकुम

कार्यालयको कोड : ८०६५९५०३३००

### क्षेत्रगत बजेट तथा खर्च

| आ.व २०८१/८२ | | | | आ.व २०८२/८३ | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | बजेट (%) | विनियोजन | बजेट (%) |
| १ | आर्थिक विकास | ३,८४,६८,४१०.०० | ७.३२ | ३,९३,५७,९४१.०० | ७.३४ |
| २ | सामाजिक विकास | ३३,८६,०५,७३४.०० | ६४.४४ | ३३,५४,७०,३२४.६७ | ६२.५९ |
| १ | शिक्षा | २२,४८,९७,०००.०० | ४२.८ | २३,५०,८७,०००.०० | ४३.८६ |
| २ | स्वास्थ्य | ५,३९,९८,५१०.०० | १०.२८ | ५,००,००,१००.०० | ९.३३ |
| ३ | खानेपानी तथा सरसफाई | ४,४३,०७,६००.०० | ८.४३ | ३,३३,०७,६००.०० | ६.२१ |
| ४ | भाषा तथा संस्कृति | ५,७०,०००.०० | ०.११ | ४,५०,०००.०० | ०.०८ |
| ५ | लैगिक समानता तथा सामाजिक समावेशीकरण | २०,२७,०००.०० | ०.३९ | २२,००,०००.६७ | ०.४१ |
| ६ | युवा तथा खेलकुद | २१,३८,६००.०० | ०.४१ | २५,३८,६००.०० | ०.४७ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,०६,६७,०२४.०० | २.०३ | १,१८,८७,०२४.०० | २.२२ |
| ३ | पूर्वाधार विकास | ६,६८,३६,१७६.०० | १२.७२ | ६,०५,९८,०९७.०० | ११.३१ |
| १ | यातायात पूर्वाधार | ३,०३,९०,०००.०० | ५.७८ | २,६१,९०,०००.०० | ४.८९ |
| २ | भवन, आवास तथा सहरी विकास | ३,४७,५९,५७६.०० | ६.६२ | ३,००,००,०००.०० | ५.६० |
| ३ | उर्जा | १,९८,६००.०० | ०.०४ | ७,००,०००.०० | ०.१३ |
| ४ | संचार तथा सूचना प्रविधि | ४,९८,०००.०० | ०.०९ | १८,००,०००.०० | ०.३४ |
| ५ | सम्पदा पूर्वाधार | ९०,०००.०० | ०.०२ | १,०८,०९७.०० | ०.०२ |
| ६ | बिज्ञान तथा प्रबिधि | ३,००,०००.०० | ०.०६ | १०,००,०००.०० | ०.१९ |
| ७ | पुननिर्माण | ६,००,०००.०० | ०.११ | ८,००,०००.०० | ०.१५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २७,३०,२००.०० | ०.५२ | ४२,३९,४४६.०० | ०.७९ |
| १ | वातावरण तथा जलवायु | ९,०५,०००.०० | ०.१७ | ९,०५,४१२.०० | ०.१७ |
| २ | विपद व्यवस्थापन | १,००,०००.०० | ०.०२ | १६,००,०००.०० | ०.३० |
| ३ | कानुन तथा न्याय | ९,२०,०००.०० | ०.१८ | ९,३९,०३४.०० | ०.१८ |
| ४ | गरिबी निवारण | ४,१५,०००.०० | ०.०८ | ३,९५,०००.०० | ०.०७ |
| ५ | प्रशासकीय सुशासन | ३,९०,२००.०० | ०.०७ | ४,००,०००.०० | ०.०७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,८८,१३,१२०.०० | १५. | ९,६२,९५,७३०.०० | १७.९७ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,८८,१३,१२०.०० | १५. | ९,६२,९५,७३०.०० | १७.९७ |
| | **कुल जम्मा** | **५२,५४,५३,६४०.००** | **१००.००** | **५३,५९,६१,५३८.६७** | **१००.००** |

| सानीभेरी गाउँपालिका वडागत सिलिङ् 2082/83 | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | जनसंख्या | क्षेत्रफल | वस्ती | मानव विकास स्तर | पूर्वाधारको अवस्था | जनसंख्या (२०) per head 134 | भूगोल (20) | वस्ती (10) 0.9 per vill | राजस्व संकलन (20) | मानव (15) 43.4 per HD | पूर्वाधार (15) | कूल प्राप्ताङ्क | न्यूनतम बजेट | राजस्व 2081/82 | बाँडफाँड राजस्वको २०% | शुत्रमा आधारित बजेट | कूल जम्मा | खुद पाउने रु 1000 मा |
| १ | २२८५ | ९.६ | ४ | ०.३८ | २.९० | १७ | ६ | ४ | १४ | १४ | १२ | ६६ | | ३८१ | ७६.२ | ३२०९ | ३६६६ | ९३४ |
| २ | २२०२ | ९.२ | ४ | ०.३८ | २.९० | १६ | ६ | ४ | १२ | १४ | १२ | ६४ | | ३१२ | ६२.४ | ३०८२ | ३४५७ | ८८० |
| ३ | ४४३५ | २६ | ५ | ०.४२ | ३.२० | ३३ | १० | ५ | १४ | १२ | १३ | ८६ | | ४३६ | ८७.२ | ४१८५ | ४७०८ | ११९९ |
| ४ | ३०३३ | १९ | ४ | ०.३७ | २.७० | २३ | ८ | ४ | १४ | १४ | ११ | ७३ | | २३६ | ४७.२ | ३५३७ | ३८२० | ९७३ |
| ५ | २६३५ | १८ | ३ | ०.३५ | १.८० | २० | ८ | ३ | १२ | १४ | ७ | ६४ | | १५८ | ३१.६ | ३०७८ | ३२६८ | ८३२ |
| ६ | १३९९ | १५ | ५ | ०.३५ | १.८० | १० | ८ | ५ | १२ | १४ | ७ | ५६ | | १८३ | ३६.६ | २७२१ | २९४० | ७४९ |
| ७ | १९७५ | ८.२ | ४ | ०.३८ | २.६० | १५ | ६ | ४ | १२ | १४ | १० | ६१ | | २५५ | ५१ | २९४२ | ३२४८ | ८२७ |
| ८ | १७९६ | ६.३ | ४ | ०.३८ | २.१० | १३ | ६ | ४ | १४ | १४ | ८ | ५९ | | २३५ | ४७ | २८७८ | ३१६० | ८०५ |
| ९ | २८३० | ७.५ | ५ | ०.४२ | ३.४० | २१ | ६ | ५ | १६ | १२ | १४ | ७३ | | ६२४ | १२५ | ३५४७ | ४२९६ | १०९४ |
| १० | १८८३ | ७.१ | ५ | ०.३९ | २.०० | १४ | ६ | ५ | १२ | १४ | ८ | ५९ | | २०४ | ४०.८ | २८३८ | ३०८२ | ७८५ |
| ११ | २७६५ | ८.२ | ५ | ०.३९ | २.१० | २१ | ६ | ५ | १२ | १४ | ८ | ६६ | | ३७७ | ७५.४ | ३१७५ | ३६२८ | ९२४ |
| | २७२३८ | १३४ | ४८ | ४.२१ | २७.५ | २०३ | ७६ | ४४ | १४४ | १५० | ११० | ७२७ | ० | ३,४०१.०० | ६८० | ३५१९२ | ३९२७३ | १०००० |
| | | | | | | | | | | | | | | | | | | |

**सुत्रमा आधारित वडागत बजेट**

## ५) प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रिया

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लिखित आधार, विधि तथा प्रक्रिया
- स्थानीय विशेषता र आवश्यकता बमोजिम कार्यपालिकाबाट स्वीकृत अन्य आधारहरु
- कार्यपालिकाबाट स्वीकृत प्राथमिकता निर्धारण सम्बन्धी अन्य विधि तथा प्रक्रिया
- सानीभेरी गाउँपालिका आवधिक दोस्रो योजना २०७९

## ६) बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही सानीभेरी गाउँपालिकाको आवधिक योजना/एकीकृत विकास योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, चालु मध्यमकालीन खर्च संरचना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लेखित

सानीभेरी गाउँपालिका

विषयहरुलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरुको छनौट, प्राथमिकता निर्धारण तथा बजेट अनुमान गरी मिति २०८२ जेठ ३१ गतेभित्र पेश गर्नु हुन अनुरोध छः-

१) आयोजना तथा कार्यक्रम प्राथमिकताका आधार, विधि र प्रक्रियाको सम्बन्धमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम गर्ने ।

२) विषयगत शाखा तथा इकाई र वडास्तरमा छनौट हुने निर्माण आयोजनाको हकमा न्यूनतम् पाँच लाखभन्दा तलको लागत अनुमान नहुने गरी बजेट तथा कार्यक्रम तर्जुमाको सुनिश्चतता गर्ने ।

३) अघिल्लो आर्थिक वर्षमा वडा कार्यालयले संकलन गरेको राजस्व रकम आगामी आर्थिक वर्षको वडागत बजेट सीमामा थप गरी बजेट सीमा निर्धारण गर्ने ।

४) दहत्तर बहत्तर, ढुङ्गा गिट्टी बालुवा, स्लेट, सामुदायिक वन, प्राकृतिक तथा स्थानीय कर, विज्ञापन कर र मनोरञ्जन कर लगायत बाँडफाँड हुने राजस्वमा गाउँपालिकाले प्राप्त गर्ने हिस्साको २० प्रतिशत रकम सम्बन्धित वडाको बजेट सीमामा थप गर्ने ।

५) आयोजना छनौटपछि बजेट विनियोजन पूर्व जग्गा प्राप्ति, स्थानीय विवाद निरुपण संयन्त्र र आयोजना कार्यावयनमा स्थानीयबासीको सहयोगको सुनिश्चतता गरेर मात्र बजेट विनियोजन गर्ने ।

६) गैरसरकारी संघ संस्था तथा अन्य निकायबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा गाउँपालिका तथा वडास्तरबाट सञ्चालन हुने कार्यक्रममा अन्य निकायको न्यूनतम् ५० प्रतिशत सुनिश्चित हुने गरी साझेदारीमा आधारित कार्यक्रम छनौट र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

७) वडास्तरको बजेट सीमामा विषय क्षेत्रगत सीमा अनिवार्य नगर्ने तर बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विषय क्षेत्रगत रुपमा छुट्याएर गर्नुका साथै आर्थिक पूर्वाधार र उत्पादनमुखी आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

८) वडास्तरमा न्यूनतम ५ लाखभन्दा माथिका निर्माण आयोजना गर्नुपर्ने र गाउँपालिका तथा वडाबाट कार्यान्वयन हुने ५० लाख सम्मका ठेक्का प्रणालीका आयोजनाहरु सोही आर्थिक वर्षभित्रै सम्पन्न गर्न सुनिश्चित गर्ने ।

९) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक वर्ष २०८२/०८३ का लागि निर्माण आयोजनाको हकमा मात्र परियोजना सूचीमा समावेश आयोजना छनौट गर्ने र आगामी आर्थिक वर्षदेखि हरेक वस्तीस्तरको एकीकृत योजना तर्जुमा गरी सबै आयोजना तथा कार्यक्रमहरुलाई आयोजना सूची तथा परियोजना बैंकमा समावेश गरेर मात्र बजेट विनियोजनको व्यवस्था मिलाउने ।

१०) गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न योगदान दिन सक्ने, उद्यमशील, उत्पादनशील र रोजगारीमूलक कार्यक्रमहरुलाई जोड दिने ।

११) स्थानीय स्रोत, साधन, सीप, दक्षता, क्षमता कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय विकास गर्ने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

सानीभेरी गाउँपालिका

१२) विषयगत शाखा तथा वडा समितिले बजेट तथा कार्यक्रमम तर्जुमा गर्दा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयक्षेत्र/उपक्षेत्र र क्रमागत आयोजना/कार्यक्रमलाई बजेट सुनिश्चित (Earmark) अनिवार्य गर्ने व्यवस्था मिलाउने ।

१३) नियमित सालबसाली खर्च हुने, छोटो अवधिको तालिम, जनचेतनामूलक कार्यक्रम, मर्मत सम्भार, संरक्षण जस्ता कार्यक्रमलाई चालु बजेटबाट र दीर्घकालीन पूँजी निर्माण हुने खालका आयोजना, विकास आयोजना तथा कार्यक्रमहरुलाई पूँजीगत बजेटबाट छनौट गर्ने ।

१४) चालु बजेटको सीमाबाट पूँजीगत प्रकृतिका विकास आयोजना छनौट गर्ने सकिने तर पूँजीगत बजेटबाट चालु प्रकृतिका योजना/कार्यक्रम छनौट नगर्ने ।

१५) उल्लिखित मार्गदर्शन बमोजिम देहायका विषयहरुलाई मध्यनजर गर्नेः

क) संविधान र प्रचलित कानून बमोजिम स्थानीय तहको कार्य जिम्मेवारी भित्र रहेका विषय, आयोजना तथा कार्यक्रम,

ख) आवधिक तथा विषयक्षैत्र रणनीतिक/गरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता अनुसारका आयोजना तथा कार्यक्रम,

ग) चालु आर्थिक वर्षमा सञ्चालित क्रमागत, वहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रम,

घ) आयोजना बैङ्कमा समावेश भएको र सो नभएको भए वातावरणीय अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाइन, लागत अनुमानसहित विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रम,

ङ) अति विपन्न, सिमान्तकृत एवम् दलित, जनजाति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक जस्ता लक्षित वर्ग, समुदाय र परिवारलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम,

च) वातावरण संरक्षण तथा जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन जस्ता विषयमा प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम,

छ) गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न योगदान दिनसक्ने खालका उद्यमशील, उत्पादनशील र रोजगारीमूलक कार्यक्रम,

ज) स्थानीय स्रोत, साधन, सीप, दक्षता, क्षमता कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय सिर्जना र विकास गर्ने आयोजना तथा कार्यक्रम,

झ) सामाजिक न्याय, सुशासन, जवाफदेहीता र सोवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने कार्यक्रम,

ञ) कृषि, खाद्यान्न तथा पशुपक्षी उपजको उत्पादन, व्यावसायीकरण, विविधकरण र औद्योगीकरणलाई सहयोग पुर्‍याउने आयोजना तथा कार्यक्रम,

ट) गाउँपालिकाको नीति तथा कानूनको निर्धारण गरेका दायित्वलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम,

ठ) योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र आविष्कारसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,

ड) भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तवित आयोजना तथा कार्यक्रम, बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्ने आयोजना तथा कार्यक्रम,

ढ) गाउँपालिकाको वस्तुस्थिति विवरण (प्रोफाइल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सबाललाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम,

ण) गाउँपालिकाको समग्र तथा सन्तुलित विकासमा योगदान पुग्ने आयोजना तथा कार्यक्रम

१६) गत विगत वर्षमा गाउँपालिकाबाट तयार भएका तपसिल बमोजिमका बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शनलाई पालना गर्ने।

**क. समष्टिगत मार्गदर्शनः**

१. सोह्यौ योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

२. दिगो विकासका लक्ष्यहरु (SDGs) का सम्बिन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने ।

३. वार्षिक विकास तथा बजेट तर्जुमा प्राथमिकिकरण सिफारिश गर्दा निम्नानुसारको विषयक्षेत्रगत रुपमा छुट्याउने। योजना सिफारिश गर्दा बजेट सीमा भन्दा बढी भएता पनि आवश्यक योजनाहरुलाई प्राथमिकता दिएर पठाउनुपर्नेछ।

(क) आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र)

(ख) सामाजिक विकास (शिक्षा, स्थास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकूद तथा मनोरञ्जन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण)

(ग) पूर्वाधार विकास (सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार)

(घ) वातावरण तथा विपद् व्यवस्थापन (वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवाय परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन)

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन)

४. गाउँपालिका र विषयगत शाखा/कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी अनिवार्य रुपमा मागमा आधारित योजना निर्माणको लागि स्थानीय तहको ७ चरणको योजना तर्जुमाको प्रक्रियाबाट माग भै आएका योजनाहरुलाई वार्षिक कार्यक्रममा समावेश गरिने भएकाले योजना तथा कार्यक्रम छनौट गर्दा वस्तुगत र मागमा आधारित आयोजना तथा कार्यक्रम छनौटको सुनिश्चितता गर्ने ।

५. नेपाल पक्ष भएका महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकता साथ समावेश गर्ने ।

६. जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, सेन्दाई विपद् जोखिम न्युनिकरण संरचना र विपद्पछिको आवश्यकता आँकलन संरचना, अपांगमैत्री एवं बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजनजस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय तहको अगुवाईमा तत् सम्बन्धी प्राथमिकताहरु प्रतिविम्बित हुने गरी वार्षिक कार्यक्रमका क्रियाकलापमा समावेश गर्ने ।

७. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन/मूल्याङ्कन गर्नेसम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी



सानीभेरी गाउँपालिका

तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी बातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

८. विपद् जोखिम न्यूनिकरण सम्बन्धमा स्थानीयस्तरको बहुप्रकोप जोखिम लेखाजोखा, विपद् पूर्वतयारी, विपद् न्यूनिकरण/अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ/पुनर्निर्माण सम्बन्धी कार्यहरु पहिचान, बहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद्/जलवायु जोखिम व्यवस्थापन योजना र यस्ता योजनाहरुले निर्दिष्ट गरेका प्राथमिकताहरु विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने ।

**ख) आयोजनाको तर्जुमा छनौट सम्बन्धमा**

९. साविकमा स्थानीय स्तरमा वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा महिला, बालबालिका, आदिवासी जनजाती तथा पिछडिएका वर्ग क्षेत्र र दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु संचालन गर्ने गरिएकोमा आगामी दिनमा समेत त्यस्ता लक्षित क्षेत्रलाई समेत निरन्तरता दिने ।

१०. आआयोजना छनौट गर्दा उत्पादनशील, रोजगारी वृद्धि, गरिबी न्यूनिकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनिकरण, समावेशी विकास जस्ता क्षेत्रमा सहयोग पुऱ्याउने छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता जुटाउन सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

११. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा भूगोल (क्षेत्रफल), गरिबी (मानव विकास सूचकाङ्क), जनसंख्या, र सेवा प्रवाह लागत, आधार मानी सन्तुलन कायम हुने गरी गर्ने ।

१२. नयाँ स्थापना भएका वडाहरुको भौतिक तथा अन्य पूर्वाधार विकास र व्यवस्थापनलाई प्राथमिकता दिने ।

१३. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने ।

१४. सम्पन्न भइसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार बजेटको व्यवस्था गर्ने ।

१५. वस्ती तथा वडास्तरबाट बाट माग भै आउने आयोजना मध्ये वडा तहस्तरमा सम्बोधन गर्न नसकिने आयोजना तथा कार्यक्रमहरुलाई पालिकास्तरमा समावेश गर्नुपर्ने वा प्रदेश तथा संघ स्तरमा माग गर्नुपर्ने भएमा सम्बन्धित वडा र विषयगत समिति मार्फत त्यस्ता मागहरुको व्यवस्थापन गर्ने ।

१६. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत शाखा र गाउँपालिकाले अन्य सरकारी निकाय, अन्य स्थानीय तह, निजी क्षेत्र र नागरिक समाजसँग अन्तरक्रिया एवं समन्वय गरी सूचना एकीकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

१७. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

१८. विपद् जोखिम न्यूनिकरणसम्बन्धी आयोजना तथा कार्यक्रम छनौट गर्दा विपद व्यवस्थापन समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

१९. क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न गरी प्रस्ताव गर्ने। लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

**ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा**

२०. विनियोजित स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुऱ्याउन सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम/आयोजनालाई स्रोतको कमी हुन नदिने र विभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२१. कार्यक्रम/आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सानीभेरी गाउँपालिकाको कार्यालयले समग्र वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका र विषयगत शाखा तथा वडा

सानीभेरी गाउँपालिका

कार्यालयहरुले सोही कार्यतालिका र कार्यान्वयन कार्ययोजना बमोजिम क्रियाकलापगत कार्यान्वयन कार्ययोजना बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा जनसहभागिता जुटाउनेतर्फ जोड दिने ।

२२. कार्यक्रम/आयोजनाको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र स्थानीय तहले अवलम्बन गरेको नीतिको अधीनमा रही नगद, श्रम वा स्थानीय समाग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई बञ्चित नगरिने नीति अवलम्वन गर्ने

२३. स्थानीय स्तरबाटै सञ्चालन हुने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता कार्यक्रम/आयोजना सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

**घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा**

२४. गाउँपालिकाको एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

२५. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुसरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने र सोही बमोजिम अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गरी प्रतिवेदनमाथि छलफल तथा निरन्तर सुधार र निरन्तरतालाई जोड दिने व्यवस्था मिलाउने ।

**ङ. अन्तरसम्बन्धित विषयहरु (Cross cutting Issues)**

२७. रोजगारी सिर्जना, गरिबी न्यूनिकरण, विपद् तथा जलवायुजन्य जोखिम न्युनिकरण, विपद् व्यवस्थापन, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा वृद्धि एवम् त्यसमा जनताको सहज पहुँच, सामाजिक सुरक्षा, अपाङ्गमैत्री वा बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, समावेशीकरण र सशक्तिकरण विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

२८. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने। यस्तो रकमको भुक्तानी बैङ्किक प्रणालीमार्फत गर्ने व्यवस्थाका लागि आवश्यक तयारी गर्ने ।

२९. पालिकाबाट सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपद्बाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

३०. विपद् तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाई यस सम्बन्धी कार्यक्रमहरु समावेश गरेर विपद तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि तपसिल बमोजिमका क्रियाकलापहरुलाई समेत आधार मानेर गाउँपालिका, वडाको कार्यक्रम तथा योजनामा समावेश गर्ने व्यवस्था मिलाउने ।

सानीभेरी गाउँपालिका र सबै वडाहरुको अगुवाई र सक्रियाताका साथै सरोकारवाला संघसंस्था लगायत सबै निकायको साझेदारी, सहयोग आवश्यकता र स्थानीयको माग बमोजिम छनौट गरी समन्वयमा संचालन गर्ने गरी निम्न सामाजिक अभियानमुखी कार्यक्रमहरुलाई समेत प्राथमिकतामा राख्ने ।

१. पूर्ण सरसफाईउन्मुख वडा/गाउँपालिका अभियान

२. वातावरणमैत्री वडा/गाउँपालिका अभियान

३.	हरेक टोल पृथक विशेषता र पहिचान अभियान
४.	घरभित्रको धुँवा रहित गाउँपालिका अभियान
५.	मेरो गाउँमा मेरो योगदान अभियान
६.	बालमैत्री स्थानीय शासनयुक्त वडा/गाउँपालिका अभियान
७.	बालबिबाह र लैंगिक हिंसा मुक्त वडा/गाउँपालिका अभियान
८.	जातीय तथा सबै प्रकारका विभेदमुक्त वडा/पालिका अभियान
९.	वातावरणमैत्री स्थानीय शासन अभियान
१०.	पोषणमैत्री स्थानीय शासन अभियान
११.	सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान
१२.	पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना अभियान
१३.	दक्ष प्रसुततिकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउने पूर्ण संस्थागत सुत्केरी अभियान
१४.	"अर्गानिक उत्पादन: सानीभेरीको पहिचान"
१५.	"एक गाउँ एक उत्पादन: गाउँपालिकाको पहिचान" जस्ता अभियानमुखी कार्यक्रम
१६.	आर्थिक र मानवीय विकास सबलीकरणमा जोड

३ आगामी आर्थिक वर्ष २०८२।०८३ को योजनाका लागि योजना तथा कार्यक्रम तर्जुमा एवंम् छनौटका आधारहरु

| | |
|---|---|
| १ | वडाको प्राथमिकताको आधारमा गरिवी न्यूनिकरण गर्न सकिने योजना तथा कार्यक्रममा प्राथमिकता दिने । |
| २ | कम लगानीबाट बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरु |
| ३ | बढी भन्दा बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने |
| ४ | छोटो समयमा बढी प्रतिफल दिने |
| ५ | महिला, दलित आदिवासी जनजाती, पिछडिएको वर्ग तथा क्षेत्रलाई फाईदा पुग्ने खालका आयोजनाहरु छनौट गर्ने |
| ६ | विपद जोखिम न्यूनिकरण गर्न सघाउ पुग्ने क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्ने |
| ७ | आवधिक योजना, जिल्ला विपद व्यवस्थापन योजना, विषयगत गुरुयोजना र क्षेत्रगत योजना र रणनीति योजनासँग मेल खानेगरी कार्यक्रम तर्जुमा गर्ने |
| ८ | संयुक्त राष्ट्रसँघले पारित गरेका दिगो विकासका लक्ष्यहरुको अवधारणा बमोजिमका योजनामा उच्च प्राथमिकता दिई संचालन ग्रनुपर्ने आयोजना र कार्यक्रमहरु |
| ९ | स्थानीय स्रोत साधन तथा सिपबाट संचालन हुने खालको योजनामा जोड दिनुपर्ने |
| १० | उत्पादनमुलक, आयमुलक, सिपमुलक, स्वरोजगारमूलक, स्थानीय तहको आन्तरीक आय वृद्धि गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्ने |
| ११ | वातावरण संरक्षण तथा सहरी पूर्वाधारको सुविधा प्रवर्द्धन र सम्वर्धन गर्न सघाउ पुग्ने योजनाहरुलाई प्राथमिकता दिने |
| १२ | बालमैत्री स्थानीय तह घोषणाका लागि सूचकहरु पुरा गर्ने किसिमका योजना तथा कार्यक्रम |
| १३ | योजना छनौट गर्दा आवधिक योजना, गाउँपालिकाको पाश्वचित्र, आवधिक गाउँपालिका विकास योजना, स्थानीय जनताहरुबाट माग भै आएका तथा अन्य तथ्याङ्कहरुको आधारमा योजना छनौट गर्नु पर्ने |

**वडाबाट बजेट विनियोजन गर्दा ध्यान दिनुपर्ने कुराः**

(१) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न- सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्ने ।

(२) प्रत्येक वडाले वडाभित्रका वस्ती/टोलहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्ने ।

(३) वडाअन्तर्गत रहेका वस्ती/टोलहरु भेलामार्फत बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने र वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्ने ।

(४) वस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्तीभित्रका सबै बर्ग समुदाय (महिला, दलित, आदिवासी जनजाति, उत्पीडित बर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) लगायत सबै समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने ।

(५) वस्ती/टोलभित्रका क्रियाशिल सामुदायिक सस्थाहरु (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लब/सञ्जाल, युवा क्लब, स्थानीय गैरसरकारी संस्थाहरु, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरु) लाई पनि सहभागी गराउनुपर्ने ।

(६) माथि उल्लेख भए बमोजिमका सरोकारवालहरुको अधिकारिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरुको छनौट गर्ने। यसरी वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची संयोजकले लिखित रुपमा तयार गरी वडा समितिमा पेश गर्ने ।

(७) समितिमा पेश भएका आयोजना तथा कार्यक्रमहरुको सूचीलाई **आयोजनाको प्राथमिकताक्रम निर्धारण फारम** मा भरी हरेक आयोजनालाई पूर्णाङ्क १०० मानी निर्देशिकाले तोके बमोजिम अंक प्रदान गर्ने ।

(८) बजेट सिलिडभित्र आयोजना छनौट गर्दा प्राथमिकताक्रम १ लाई पहिलो प्राथमिकतामा राख्ने र बजेट पुगेमा २ र ३ लाई पनि समावेश गर्न सकिन्छ ।

(९) वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्त्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको बजेट सीमाभित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन् नसक्ने गाउँस्तरीय महत्त्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले गाउँपालिका छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ विशेष ध्यान दिनुपर्ने हुन्छ । यसरी छनौट भएका योजनाहरुको प्राथमिकीकरणका साथ गाउँपालिकामा पठाउने

- कूल बजेटलाई १०० प्रतिशत मानी ३० प्रतिशत सम्म लक्षित वर्गको लागि बजेट विनियोजन गरी बाँकी ७० प्रतिशत भौतिक विकासात्मकतर्फ बजेट विनियोजन गर्ने । आवश्यकतानुसार लक्षित वर्गको लागि ३० प्रतिशतभन्दा बढी बजेट विनियोजन गर्न सकिने
- भौतिक विकासात्मकतर्फ आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास तर्फ आवश्यकता, औचित्यताका आधारमा सन्तुलित ढङ्गले विनियोजन गर्ने । पूर्वाधारतर्फ ठूला आयोजना गाउँपालिकास्तरबाटै स्वीकृत हुने गरी वडाको सिलिङभन्दा बाहिर राखेर अनुमान गरी छुट्टै योजना समावेश गरी पठाउने । छुट्टै योजनाको सूची तयार गर्दा पनि तोकिएकै फारम प्रयोग गर्ने ।
- लक्षित वर्गतर्फको लागि बजेट विनियोजन गर्दा कूल लक्षित वर्गको बजेटको न्यूनतम् ६० प्रतिशत प्रत्यक्ष फाइदा पुग्ने खालको बजेट विनियोजन गर्नुपर्नेछ । **बजेट तथा कार्यक्रम तर्जुमा समितिले वितरणमुखी आयोजना तथा कार्यक्रम र ६० प्रतिशत भन्दा कम प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम कटौती गर्न सक्नेछ ।**

- लक्षित बजेट विनियोजन गर्दा लक्षिततर्फको कूल बजेट अर्थात ३० प्रतिशतलाई १०० प्रतिशत मानी देहाय बमोजिम विनियोजन गर्ने तर कुनै लक्षित वर्गको संख्या नभए वा आनुपातिक न्यून संख्यामा भएमा प्रतिशत हेरफेर गर्न सकिने।
  - महिला लक्षित (महिला समूह, आमा समूह लगायतका समूह समुदाय समेत) २५ प्रतिशत

सानीभेरी गाउँपालिका

- बालबालिका लक्षित कार्यक्रम — २० प्रतिशत
- दलित लक्षित — १५ प्रतिशत
- अपाङ्ग लक्षित — १० प्रतिशत
- ज्येष्ठ नागरिक लक्षित — १० प्रतिशत
- जनजाति लक्षित — १० प्रतिशत
- यूवा वर्ग लाभान्वित (यूवा तथा रोजगारी) — १० प्रतिशत

सानीभेरी गाउँपालिका

## अनुसूचीहरु

### वस्ती/टोल स्तरीय आयोजना छनौट तथा सूची तयार फारम

क) वस्ती/टोलस्तरको आवश्यकता पहिचान तथा छनौट फारम

| विषयक्षेत्र/उपक्षेत्र | के उपलब्ध छ (सम्भावना के छ ?) | के छैन ? (आवश्यकता) | के हुनुपर्छ ? (कार्यक्रम/आयोजनाको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मालिभेरी गाउँपालिका

ख) वस्ती/टोलस्तरबाट छनौट भई वडा समितिमा पेश गर्ने आयोजना विवरण फारम

| विषय क्षेत्र | आयोजना/ कार्यक्रमको विवरण | | | लागत अनुमान (रु हजारमा) | | | | लाभान्वित | | माग गर्ने टोल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थान | परिमाण | समुदायको योगदान | गापा | अन्य | जम्मा | घरधुरी | जनसंख्या | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मानेभैरा गाउँपालिका

## कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण

(दिग्दर्शनको परिच्छेद ३ को दफा ३.५.५ सँग सम्बन्धित)

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु समाप्ति) | कुल लागत (रु.) | पुष्टभाइँ | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मालोमेरी गाउँपालिका

# सानीभेरी गाउँपालिका

वडा नं. …../ शाखाः ……………….

## आयोजनाको प्राथमिकीकरण सूची

(1) निर्धारित बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमका लागि

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रमको नाम | स्थल | एकाइ | दर | परिमाण (संख्यामा) | अनुमानित लागत | कार्यान्वयन विधि | ल.इ तयारी र स्वीकृति मिति | कार्य शुरु मिति | सम्पन्न गर्ने मिति | त्रैमासिक अवधि (1/ 2/ 3/4) | लाभान्वित जनसंख्या | | थप २ वर्षको प्रक्षेपण | | आवधिक योजनाको रणनीतिसँग सम्बन्ध |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | म | पु | ०८३/८४ | ०८४/८५ | |
| आर्थिक विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| वन वातावरण तथा विपद् व्यवस्थाप | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| सुशासन तथा संस्थागत विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |

सानीभेरी गाउँपालिका

**(2)** **गाउँपालिका स्तरीय (गाउँपालिका स्तरीय गौरवका आयोजना, वहुवर्षीय आयोजनाहरु र दुई वा सो भन्दा बढी वडामा पर्ने आयोजनाहरु)**
**वडा/विषयगत शाखाः ........................**

| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | | 13 | 14 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रा. क्रम | आयोजना/ कार्यक्रमको नाम | आयोजना सञ्चालन हुने स्थान | एकाइ | परिमाण (लक्ष्य) | दर | अनुमानित लागत | कार्यान्वयन विधि | ल.इ. तयारी मिति | काम सुरु मिति | सम्पन्न गर्ने मिति | त्रैमासिक अवधि (1/ 2/ 3/4) | लाभान्वित जनसंख्या | | आवधिक योजनाको रणनीतिसँग सम्बन्ध | थप दुई वर्षको प्रक्षेपण | |
| | | | | | | | | | | | | म | पु | | ०८३/८४ | ०८४/८५ |
| उदाहरण | रिम्ना सिम्ली सडक | रिम्ना | मि. | ९०० | २००० | २०००००० | ठेक्का | ०७८ श्रावण | ०७८ असोज | ०७८ मंसिर | १ (पहिलो) | २५० | २३० | | ३०००००० | २५००००० |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |

नोटः क्रमागत आयोजनाहरुको प्राथमिकीकरण सूची आवश्यक पर्ने छैन।

**फारम भर्ने विधिः**

१) महल १ मा आयोजना तथा कार्यक्रमको नाम लेख्ने (जस्तोः रिम्ना सिम्ली सडक) र महल २ मा आयोजना स्थल लेख्ने (जस्तोः रिम्ना)

२) महल ३ मा आयोजना उक्त आयोजनाको एकाई (जस्तोः मि., वटा, संख्या आदि) र महल ४ मा उक्त आयोजनाको लक्ष्य परिमाणमा लेख्ने (जस्तो ९०० मि सडक निर्माण गर्ने हो भने ९००) लेख्ने। महल ५ मा आयोजना कार्यान्वयन गर्ने लाग्ने प्रति एकाइ दर (जस्तोः १ मि सडक खन्न २००० लाग्ने भए २०००) लेख्ने।

३) महल ६ मा प्रति एकाइ दर र परिमाण गुणन गरेर (जस्तो २०००x९०० = १८०००००।-) राख्ने।

४) महल ७ मा उक्त आयोजना कुन विधि (ठेक्का/ उपभोक्ता समिति वा कार्यालय आफै/ टोल विकास संस्था / गैसस)बाट कार्यान्वयन गर्ने सो खुलाउने।

५) महल ८ मा लागत इष्टिमेट तयार गर्ने मिति, महल ९ मा काम शुरु गर्ने मिति, महल १० मा सम्पन्न गर्ने मिति उल्लेख गर्ने।

६) महल ११ मा उक्त आयोजना कार्यान्वयन गर्ने त्रैमासिक उल्लेख गर्ने। महल १२ मा उक्त आयोजनाबाट लाभान्वित हुने जनसंख्या उल्लेख गर्ने।

७) महल १३ मा गाउँपालिकाको आवधिक योजनाको जुन रणनीतिसँग सम्बन्धित छ सोही खुलाउने।

८) महल १४ मा उक्त आयोजना कार्यान्वयन गर्न आगामी थप दुई वर्ष (आ.व. २०८३/८४ र आ.व. २०८४/०८५) का लागि आवश्यक अनुमानित बजेट रकम उल्लेख गर्ने।